ॐ 卐 गौः श्रीः शिवो वेदः



# पशुपतिनाथ

## यात्राको सारथी

सम्पूर्ण श्रद्धालु एवं भक्तजनहरुमा समर्पित

**ॐ सर्वे भवन्तु सुखिनः**
**सर्वे सन्तु निरामयाः ।**
**सर्वे भद्राणि पश्यन्तु**
**मा कश्चिद्दुःखभाग्भवेत् ।**
**ॐ शान्तिः शान्तिः शान्तिः ॥**

Om, May All be Happy
May All be Free from Illness
May All See what is Auspicious
May no one Suffer.
Om Peace, Peace, Peace.

# भूमिका


ऐतिहासिक महत्व र अध्यात्मिक वैभव बोकेको यस रमणीय एवं पावन क्षेत्रको महिमा समेटिएको यस पुस्तकरुपी यात्रामा सम्पूर्ण पाठकवृन्दमा स्वागत गर्न चाहन्छौं । काठमाडौँ उपत्यकाको मुटुमा रहेको यो पवित्र पशुपति क्षेत्र आफैमा हजारौ वर्षको इतिहास, संस्कृति, र व्यापक अध्यात्मिक उर्जा र ज्ञानको साक्षी रहेको छ ।

जब हामी पशुपतिनाथ बारे सोच्दछौं, तब हाम्रो मस्तिस्कमा सबैभन्दा पहिला चित्रण हुने भनेको प्रतिष्ठित मुख्य मन्दिर नै हो जुन आफैमा श्रद्धा र भक्तिको उच्चतम प्रतिक रहेको छ । यद्यपि, मुख्य मन्दिरमा मात्र अधिक प्रकाश पर्न जाँदा, पशुपति क्षेत्रमा रहेका अन्य मठ-मन्दिरहरु जसको आफ्नै महिमा र किंवदन्ती छ, ती ओझेलमा पर्न गएको देखिन्छ । भ्रमण गर्न आउने तिर्थालु र दर्शकहरु यिनी ससाना मठ मन्दिरबारे अनभिज्ञ रहनु दुखद कुरा हो । समग्र पशुपति क्षेत्रको अस्तित्वमा यिनको पनि मुख्य मन्दिर जतिकै महत्व रहेको भेटिन्छ ।

सबै जनसाधारणका लागि तयार पारिएको यस पुस्तकमा समयको बहाव र सूचनाको अभावबाट लुक्न पुगेका मुल्यवान स्थलहरु र तिनको पछाडिका कथाहरु समेटिएको छ । सामाजिक र राजनीतिक भुमरीले ग्रस्त समय माँझ रहेको हाम्रो पुस्ता उचित शैक्षिक सामग्रीहरु नहुँदा पशुपति जस्तो अनुपम क्षेत्र बारे अनभिज्ञ रहेको स्थिति छ । अघिल्लो पुस्ताबाट आवश्यक ज्ञान र सूचना पछिल्लो पुस्तामा हस्तान्तरण हुने प्रक्रिया निष्कृय भएको छ । तसर्थ, यस पुस्तकले त्यो कडीको भूमिका निर्वाह गर्दै युवा पुस्तामा पशुपति क्षेत्रमा गाभिएका इतिहास र संस्कृतिलाई उजागर गर्ने काम गर्नेछ भन्नेमा हामी विस्वस्थ छौँ ।

यस मार्गदर्शकरुपी पुस्तकका हरेक पृष्ठको उदेश्य भनेको त्यहाँका संरचनाको सम्पन्नता र महत्वमाथि प्रकाश पार्नु हो जसबाट पशुपति क्षेत्रको सम्पूर्ण वैभव झल्कियोस् । चाहे तँपाई सामान्य घुमन्ते अतिथि हुनुहोस या तिर्थालु या पर्यटक या त अध्यात्मिक साधक, तँपाईहरु सबैका लागि यो पुस्तक मार्गदर्शक बन्नेछ र पशुपति क्षेत्रका हरेक गल्लि र कुनाहरुसम्म तँपाईहरुलाई सजिलो संग डोर्याउनेछ । हर पृष्ट पल्टाएसंगै, यस पुस्तकले यात्रीलाई पशुपतिका हर मुर्ति र मठमन्दिरहरुमा स्पन्दन हुने कला, संस्कार, संकृति, र अध्यात्मिक उर्जाको गहिराईमा पुर्याउने छ । सम्पूर्णलाई पशुपति क्षेत्रको अन्वेषण र यात्रामा फेरि पनि स्वागत गर्दै यहाँ लुकेका रहस्यहरुको अनुभूति गर्न आमन्त्रण गर्दछौँ । हामीलाई विश्वास छ कि यस पुस्तकले पशुपति क्षेत्रको तँपाईहरुको ज्ञान, बुझाई, र अनुभूतिलाई अझै गहन बनाउने छ ।

त्यसैले प्रिय पाठकवर्ग तयार हुनुहोस् एक अविस्मरणिय यात्राका लागि जसले तँपाईहरुलाई समयको गर्भसम्म पुर्याउने छ र दर्शन गराउने छ पशुपतिको अलौकिक र दिप्तीमान इतिहास र वर्तमान । अन्त्यमा यो पुस्तक तँपाईहरुको पावन यात्राको सारथी बनोस भन्दै सबैमा शुभकानमा व्यक्त गर्दछौँ ।



# CONTENT

## परिचय


- श्री यंत्र स्वरुपमा पशुपति क्षेत्र.......... ०६
- पशुपति क्षेत्रको उत्पतिबारे कथाहरु.......... ०७


## भाग 'क'


- भकुन टोल.......... १०
- भुवनेश्वरी शक्ति पीठ.......... १०
- भुवनेश्वर महादेव.......... ११
- ज्ञान धारा.......... १२
- कृष्णेश्वर शक्ति पीठ .......... १२
- बरुण धारा.......... १३
- चप्पल घर.......... १३
- नासल चोक.......... १३
- धर्मेश्वर शिवलिङ्ग.......... १४
- झम्केश्वरी शक्ति पीठ .......... १४
- शंकराचार्य मठ.......... १५
- बज्र घर .......... १५
- लगन लाछी टोल.......... १५
- महास्नान घर.......... १६
- कल्चा देवल.......... १६
- अग्नि देवल.......... १६


## भाग 'ख'


- मुख्य द्वार.......... १८
- शंकराचार्य परिसर.......... १८
- आगम घर.......... १९
- मूल ढोका.......... २०
- गर्भगृह शिवलिङ्ग.......... २३
- मुख्य मन्दिरको वास्तुकला.......... २३
- मूल मन्दिर परिक्रमा विधि .......... २४
- द्रबेश्वर महादेव.......... २५
- भजन घर.......... २५
- श्री ब्रह्मेश्वर महादेव .......... २५
- श्री अन्नपुर्ण .......... २६
- दत्तात्रेय र ज्वर्हरेश्वर महादेव.......... २६
- श्री चन्देश्वर शिवालय.......... २६
- बासुकीनाथ मन्दिर .......... २६
- सिद्धेश्वर महादेव.......... २७
- श्री सिद्धेश्वर (अल्पमृत्युहरेश्वर) महादेव.......... २७
- श्री मुक्ति (चौसट्ठी) मण्डप .......... २७
- केदारनाथ .......... २७
- राधाकृष्ण मन्दिर .......... २७
- किर्तिमुख भैरव .......... २८
- शीतला माता .......... २८
- उन्मत्त भैरव.......... २८
- राज परिवार सदस्यका शालिकहरु.......... २८
- धर्म शीला .......... २९
- नव ग्रह एवं नक्षत्र शिलाखण्ड.......... २९
- सत्य नारायण मन्दिर.......... २९
- रुद्रगारेश्वर मन्दिर .......... ३०
- बागमती नदि .......... ३०

# CONTENT

## भाग 'ग'


- वत्सलेश्वरी शक्ति पीठ ........ ३३
- नील सरस्वती ........ ३३
- वत्सलेश्वरी मन्दिर ........ ३३
- जम्बुद्विप ........ ३४
- देव धारा ........ ३४
- आकाश भैरव ........ ३५
- पंच गणेश ........ ३६
- अनन्त आदि नारायण ........ ३६
- सानो गोसाईकुण्ड ........ ३६
- जय मंगला / मंगला गौरी ........ ३७
- पाथ्विक शिवलिङ्ग ........ ३७
- ब्रह्म नाल ........ ३८
- मृघेश्वर महादेव ........ ३८
- गंगामाता मन्दिर र बिरुपाक्ष्य ........ ३९


## भाग - ४


- चण्डेश्वर महादेव ........ ४२
- पंचदेवल परिसर ........ ४२
- उदासी अखडा ........ ४३
- भस्मेश्वर घाट ........ ४३
- भस्मेश्वर महादेव ........ ४४
- ईनार ........ ४४
- अमर कन्टेश्वर महादेव र सुरेश कन्टेश्वर महादेव ........ ४४
- अमर कन्टेश्वर घाट ........ ४५
- बिरतेश्वर महादेव ........ ४५
- बुद्धको मुर्ति ........ ४५
- तलेजु भवानी मन्दिर ........ ४६
- भट्ट निवास ........ ४६
- निर्मल अखडा ........ ४६
- राजराजेश्वरी मन्दिर ........ ४७
- जीतजंग प्रकाशेश्वर मन्दिर ........ ४७
- तारा कुण्ड ........ ४८
- तारकेश्वर महादेव ........ ४८
- चार शिवालय र अग्निहोत्र ........ ४८


## भाग - ५


- सुर्य घाट ........ ५१
- श्री किरातेश्वर महादेव ........ ५१
- कैलाश डाँडा ........ ५२
- उमा कुण्ड ........ ५३
- गौरी घाट ........ ५४


## भाग - ६


- गुहेश्वरी शक्ति पीठ ........ ५७
- नाथ परम्परा ........ ५८
- गोरखनाथ मन्दिर ........ ५८
- मृघस्थली वन ........ ६०
- गोरखनाथ अखण्ड धुनी ........ ६१
- योगी नरहरिनाथ आश्रम ........ ६१
- योगी नरहरिनाथ पुस्तकालय ........ ६२
- योगी नरहरिनाथ समाधि ........ ६३
- स्वामी प्रपन्नाचार्य आश्रम ........ ६३
- मनकामना मन्दिर ........ ६४
- विश्वरूपा मन्दिर ........ ६४

# CONTENT

## भाग - ७


- रामचन्द्र मन्दिर ........ ६७
- एकादश रुद्र शिवालय ........ ६७
- राम मन्दिर ........ ६८
- लक्ष्मीनारायण मन्दिर ........ ६८


## भाग - ८


- जयबागेश्वरी ........ ७०
- ठडिएको ढुंगे धारा ........ ७०
- सुर्य मन्दिर ........ ७१
- सुन्धारा लुहिटी ........ ७१
- धन्वन्तरी मन्दिर ........ ७२
- लक्ष्मीनारायण मन्दिर ........ ७२
- बुद्धजन्म सम्बन्धि मुर्तिहरु ........ ७३
- श्रीधर विष्णु ........ ७३
- कृष्ण मन्दिर ........ ७४


## भाग - ९


- पिङ्गलास्थान ........ ७६
- तिलगंगा ........ ७६
- बनकाली ........ ७७
- बन गणेश ........ ७७

पशुपतिनाथका केहि पुराना तस्विरहरु ........ ७८
शब्दावली ........ ८०

# श्री यंत्र स्वरुपमा पशुपति क्षेत्र

श्री यन्त्र जसलाई श्री चक्रका रुपमा पनि चिनिन्छ अध्यात्मिक जगत र सनातन परम्परामा यसको निकै महत्व भएको पाईन्छ। ज्यामितीय आकारमा बनेको यो यन्त्र, यन्त्रहरु मध्येकै शक्तिशाली र शुभ मानिनछ। श्री यन्त्रले शक्ति स्वरुपमा जगत्माता देवी ललिता त्रिपुरासुन्दरीलाई प्रतिनिधित्व गर्दछ।

नौवटा त्रिभुजहरु जोडिएर मध्य बिन्दु बनाउने यो यन्त्रको ज्यामितीय स्वरुप अन्य यन्त्रहरुभन्दा जटिल छ। चारवटा माथितर्फ फर्किएका त्रिभुजहरुले शिव तत्वलाई इंगित गर्दछ भने पाँचवटा तलतर्फ फर्किएका त्रिभुजहरुले शक्ति तत्वलाई इंगित गर्दछ। समग्रमा यस यन्त्रले शिव (पुरुष तत्व) र शक्ति (स्त्री तत्व) को मिलनलाई स्थापना गर्दछ। शिव स्वरुप चेतना र शक्ति स्वरुप प्रकृतिको अन्तर सम्बन्धलाई यस यन्त्रले दर्शाउछ। मुख्य त्रिभुजहरु काटिएर बन्ने थप ४३ त्रिभुजहरुले भने विभिन्न देवीदेवताहरुलाई प्रतिनिधित्व गर्दछन।



श्री यंत्र

समग्र पशुपति क्षेत्र श्री यन्त्रको आकारमा निर्माण गरिएको पाईन्छ। शिव र शक्तिको तन्त्र भुमि मानिने यो क्षेत्रको अध्यात्मिक उर्जा पनि निकै शक्तिशाली भएको अनुभव गर्न सकिन्छ। पहिलेको समयमा शक्तिशाली मन्दिरहरु यन्त्रकै स्वरुपमा निर्माण गरिने गरिन्थ्यो। त्यसैले, पशुपति क्षेत्र श्री यन्त्रका रुपमा हरेको हुनाले साधना र ध्यान संगै अध्यात्मिक विकास, सम्वृधि, र सुखशान्ति प्रदायक मानिन्छ।

पशुपतिनाथ मन्दिर क्षेत्रमा ९ अंकको धेरै महत्व रहेको पाईन्छ। नेवारी भाषामा नौवटा वस्तुको समूहलाई 'गुंगु' भनिन्छ। त्यसैले पाशुपत क्षेत्रलाई पुरानो समयमा गूल पनि भनिन्थ्यो। त्यसो भनिनुको कारण पशुपतिमा सबै कुरा नौवटाको समूहमा रहेको हुनाले हो।

१. नौवटा शक्ति पीठ
२. नौवटा क्षेत्रपाल
३. नौवटा ढोका
४. नौवटा चोक
५. नौवटा धारा
६. नौवटा पोखरी
७. नौवटा ईनार
८. नौवटा टोल
९. नौवटा डबली



## के तपाईलाई थाहा थियो?

पशुपतिलाई देवपाटन भनेर पनि चिनिन्छ। देवपाटन नामको पछाडीको किम्वदन्ती अनुसार प्राचिन समयमा पाशुपत क्षेत्रमा जहाँ खन्दा पनि देवीदेउताहरुको मुर्ति र शिवलिङ्गहरु निस्कने गर्थे भन्ने सुनिन्छ।

# पशुपतिनाथको उत्पतिबारे किंवदन्तिहरु

**महाभारत ग्रन्थमा उल्लेख भए अनुसार पाण्डवहरुले कुरुक्षेत्रको युद्धमा आफ्ना गुरु, भाईबान्धव, कुटुम्ब देखि कुल सम्मको हत्या गर्नु परेको थियो। आफ्नै कुल र गुरुहरुको हत्या गरेको हुनाले उनीहरुलाई गोत्र हत्या, गुरु हत्या, र ब्राह्मण हत्याको पाप लागेको थियो।**

**पाण्डवहरु आफुले गरेका पापहरुको प्रायश्चित गर्न चाहन्थे। आफ्नो राजपाठ आगामी सन्ततिलाई सुम्पेर उनिहरु भगवान शिवको खोजिमा निस्किए। सुरुमा उनीहरु काशी पुगे जुन भगवान शिव र पार्वतीको प्रिय वासस्थान मानिन्छ। पाण्डवहरुले युद्धमा गरेको छलकपटबाट निरास र असन्तुष्ट हुनुभएका भगवान शिव पाण्डवहरु सामु प्रकट हुन चाहनु भएन र उनीहरुबाट लुक्न थाल्नुभयो। जहाँ जहाँ भगवान शिव लुक्दै जानु भयो त्यहाँ त्यहाँ पाण्डवहरु उहाँलाई खोज्दै पुगे। अन्त्यमा केहि सीप नलागे पछि, भगवान शिवले साँढेको रुप धारण गर्नुभयो र जमिनमा भासिनुभयो।**

**भीमले भगवान शिवले साँढेको रुप धरेको चाल पाउन साथ त्यो तर्फ लम्किए तर शिवजी जमिनमा धसिनु भयो। कसोकसो गरी भीमले साँढेको पुच्छर समाउन सफल भए। पुच्छर समाते पछि जमिनमा भासिएको साँढे जमिनबाट निस्किनु पर्यो। यसरी साँढेरुपमा रहनु भएका शिव जमिनबाट निस्कने बेला उहाँको निधार पशुपतिनाथमा, जुरो केदारनाथमा, सिङ्ग तुंगनाथमा र नाभी चाहिँ मध्यमहेश्वरमा निस्कन पुग्यो।**



**के तपाईलाई थाहा थियो?**

पशुपति भन्नाले सबै पशुका पति भन्ने बुझिन्छ। योगमा आफु भित्रका सम्पूर्ण पशुभावलाई निर्मुल गरी शिव तत्वसंग एकाकार भएका व्यक्तिलाई पनि पशुपतिनाथका रुपमा हेर्ने गरिन्छ।

## शिवको शरीर र पाँच चक्रहरु

**केहि योग परम्परा र पद्धति अनुसार पशुपतिनाथ संगै केदारनाथ, मुक्तिनाथ, तुंगनाथ र कैलाश यी पाँच धामलाई शिवको उर्जा शरीरको पाँचवटा चक्रहरुको रुपमा पनि हेरिन्छ।**

**तन्त्रमा, विश्व भूगोललाई मानव शरीरको रुपमा हेरिन्छ जहाँ नेपालको भुमिलाई निधार मानिन्छ र पशुपतिनाथलाई आज्ञा चक्र मानिन्छ।**




**के तपाईलाई थाहा थियो?**

शिवपुरी बाबा पशुपतिनाथ दर्शन गर्न आउँदा भगवान शिव प्रकट भई आशिर्वाद दिएको भन्ने सुनिन्छ । भगवान शिवले नै शिवपुरी बाबालाई पशुपतिनाथ र नेपालमै बस्न आदेश दिनु भएको भनिन्छ । त्यसैले बाँकि सबै जीवनकाल उहाँ नेपालको काठमाडौँ नजिक शिवपुरी राष्ट्रिय निकुञ्जमा रहेको बागद्वार भन्ने क्षेत्रमा बस्नु भयो । जाडो याममा भने पशुपति नजिकको बनकालीमा आएर बस्नु हुन्थ्यो ।

**पशुपतिनाथलाई सन् १९७९ मा युनेस्कोद्वारा विश्व सम्पदा क्षेत्र भनी घोषणा गरिएको थियो । पशुपति क्षेत्रमा ५०० भन्दा बढी प्राचिन मठमन्दिरहरु रहेका छन् ।**

# भाग १


महास्नान घर
लगन लाछी टोल
बज्रघर
अग्नि चोक
झम्केश्वरी शक्ति पीठ
धर्मेश्वर शिवलिंग
शंकराचार्य मठ
नासल चोक
जुत्ता चप्पल राख्ने ठाउँ
बरुण धारा
भकुन टोल
ज्ञान धारा
भुवनेश्वरी शक्ति पीठ
भुवनेश्वर महादेव
कृष्णेश्वर शक्ति पीठ
कल्चा देवल
PASHUPATI SADAK
3D

## भकुन टोल

भकुन टोलमा स्थित डबली देवीदेवताहरूको अवगमन र विसर्जनको लागि प्रयोग गरिन्छ। यहाँबाट विभिन्न जात्रा र नाचहरू पनि सुरु गरिन्छ । उदाहरणको लागि, यहाँबाट बनकाली जात्रा सुरु हुन्छ ।



## भुवनेश्वरी शक्ति पीठ

यो मन्दिर पशुपति क्षेत्रमा रहेका प्रमुख शक्ति पीठहरूमध्ये अत्यन्त महत्त्वपूर्ण मानिन्छ । यो शक्तिपीठको उत्पति लिच्छवी कालमा भएको हो र यस मन्दिरलाई पशुपति मन्दिरसँग निर्मित भएको मानिन्छ । यहाँ अवस्थित देवीदेवता सख्त रुपमा गोप्य राखिन्छ र केवल पुजारीलाई मात्र प्रवेश गर्न पाउने नियम छ। एक अलगै गुरुले आगम विधि अनुसार तान्त्रिक पूजा गर्दछन् जसलाई फेरि कर्मचार्यहरू र बज्राचार्यहरूले पनि त्यसरी नै गर्दछन्। तांत्रिक पूजा र विधिहरु प्राय: शक्ति माता, भैरव, र गणेशआदि केन्द्रित हुन्छन र भुवनेश्वरीलाई सबै देवीदेवताहरूको आमा स्वरूपमा पूजन गरिन्छ । भु: अर्थात् धरती, त्यसैले भुवनेश्वरी भन्नाले धर्ती माता ।





### के तपाईलाई थाहा थियो?

नन्दिबिनाको शिवलिङ्ग तपाईंले कतै देखेमा त्यो योगिहरुले आफ्नो देह त्याग गरेको स्थान हुन्छ जसलाई समाधी भनिन्छ ।

## भुवनेश्वर महादेव

**भुवनेश्वर महादेव खुल्ला ठाउँमा अवस्थित छ र यसले भुवनेश्वरीको पुरुष प्रतिरूपको प्रतिनिधित्व गरेको मानिन्छ। यो पशुपतिनाथ क्षेत्रको महत्वपूर्ण शिवलिङ्ग मध्ये एक हो।**




**भुवनेश्वर महादेव**

## ज्ञान धारा

ज्ञान धारा पशुपति क्षेत्रका ९ धाराहरूमध्ये एक हो । यो धारा लिच्छवी कालमा निर्माण गरिएको मानिन्छ । यस प्रकारका धारा प्राय: काठमाडौंको पुरानो बस्तीहरुमा पाइन्छ । यस धारामा मन्त्रको सहयोगले जमिन मुनिको पानीलाई कतै टाढा मुहानबाट धारासम्म निरन्तर रुपमा बगाउने गरिएको हो भन्ने विश्वास रहेको छ ।



## कृष्णेश्वर शक्ति पीठ

बैशाख अक्षय तृतीयाको अवसरमा यस शक्तिपीठमा बनकाली देवतालाई विधिपूर्वक विसर्जन गर्ने जात्रा लाग्छ।



## बरुण धारा



## जुत्ता चप्पल राख्ने ठाउँ

मुख्य मन्दिरमा प्रवेश गर्नुभन्दा अघि भक्तहरूलाई उनीहरूको जुत्ताहरू निकालेर यस घरमा राख्न अनुरोध गरिएको छ। भिजेका पाउहरुले मन्दिरको ऊर्जा र कृपा प्राप्त गर्न सजिलो बनाउने भएकाले भक्तहरुलाई कुनै पनि मन्दिर प्रबेश गर्नु अघी आफ्नो हातपाउ धुन/भिजाउन अनुरोध गरिन्छ ।




## नासल चोक

काठमाडौँका पुराना बस्तीहरुमा मानिने नासल चोक बि.सं.२०५९ को गुरु योजना आउन पूर्व घना बस्ती थियो । गुरु योजना आएपछि लगभग ११९ घरहरु विस्थापित गरिएको भन्ने अनुमान छ । यो स्थान वाद्यवादक र संगीतप्रेमिहरुको लागि निकै विशेष महत्व राख्दछ । उनीहरु आफ्नो सङ्गीतिक यात्रा सुरु गर्नु भन्दा पहिले यस स्थानमा रहेको नटराजको विशेष पुजा गर्ने गर्छन् । यस चोकलाई सांगीतिक स्थल पनि मानिन्छ र कुनै पनि सङ्गीतिक यात्रा एवं उत्सवको सुरुवात र समाप्ति दुबै यहाँ हुने गर्छ । प्राय: उत्सवहरुमा धिमे जस्ता परम्परागत बाजाहरु बजाउने गरिन्छ । संगीतकर्मीहरूले बर्षमा कम्तीमा एकबार यस स्थानमा भ्रमण गर्नैपर्छ भन्ने मान्यता रहेको छ, संगीत सिक्नु अघी र सिकेसकेपछी। यद्यपि संगीत सम्बन्धि यस्ता अन्य स्थानहरु पनि पशुपति क्षेत्रमा रहेका छन् ।





धर्मेश्वर शिवलिंग

## झङ्केश्वरी शक्ति पीठ

यो पवित्र स्थल पशुपतिमा रहेका शक्ति पीठहरूमध्ये एक मानिन्छ । निकै प्रसिद्ध रहेको यस शक्ति पीठमा देवी छिन्नमस्ता माताको पूजा गरिन्छ । छिन्नमस्ता मातालाई दस महाविद्यामध्ये एक मानिन्छ र उहाँ शिरविहिन र निकै उग्र स्वरूपको हुनुहुन्छ । यस शक्ति पीठमा अग्नि कुण्ड पनि अवस्थित छ। जन श्रुति अनुसार यस कुण्डमा निकै भयानक ज्वाला हुने गर्थ्यो र त्यसले कुण्डमाथि आकाशमा उड्ने हरेक पक्षीहरुलाई जलाएर भष्म पारिदिने गर्थ्यो । त्यसैले ज्वलालाई नियन्त्रण गर्न तान्त्रिक विधी अनुसार देवीलाई उर्ध्वमुखी बनाएर राखियो । यस प्रतिष्ठानमा दशैं र कालरात्रिमा विशेष पूजा पनि गरिन्छ।





यस मन्दिरको पछाडि शंकराचार्यको मन्दिर छ जुन वि. सं. २०७२ भूकम्पले भत्काएको थियो र हालै नयाँ भवन पुन:निर्माण गरी स्वामी निखिलानन्द सरस्वती जी महाराजले उद्घाटन गर्नुभएको थियो।

## शंकराचार्य मठ

आदि शंकराचार्य जब पशुपति भ्रमणमा आउनु भएको थियो तब यस ठाउँमा रहनु भएको भन्ने विश्वास छ । वर्तमानमा मठाधिसहरू (मठको प्रमुखहरू) संविधानिक रूपमा नियुक्त गरिन्छन् र उनीहरुले मठको संचालनमा र विभिन्न कर्मकाण्डमा महत्वपूर्ण भूमिका खेल्ने गर्छन् । यस अतिरिक्त उनीहरूको उपस्थिति र मार्गदर्शनले पशुपतिसँग सम्बन्धित विधि र विधानको पालना भैरहेको छ।



## बज्रघर

सुरुवातमा दरबारको रूपमा स्थापना गरिएको यो स्थान रण बहादुर शाहद्वारा विभिन्न क्षेत्रबाट आएका भक्तहरू र साधुसन्तहरूलाई भोजन प्रदान गर्नको लागि निर्माण गराएका थिए ।



## लगन लाछी टोल

यो टोल पशुपतिका ९ टोलहरु मध्ये एउटा हो र यहाँ एउटा शक्तिपीठ पनि रहेको छ । त्यस्तै यहाँ पशुपतिका नौ ढोकाहरूमध्येको एक ढोका पनि छ।



## महास्नान घर

सुरुवातमा रण बहादुर शाहले स्थापना गरेको यो दरबार अहिले पुनर्निर्माण भई संग्रहालयमा परिणत हुँदैछ । वास्तवमा वर्षभरि पशुपतिनाथको लागि चढाइने महाभोगको सबै आवश्यक कच्चा सामग्रीहरू राख्नको लागि यो घरको प्रयोग गरिन्थ्यो। बिषेश गरी यस घरमा बर्षमा एक चोटी महास्नान नामक धार्मिक स्नान हुने गर्थ्यो ।



## कल्चा देवल

यो देवल हाल महस्नान घरको अगाडि रहेको छ । यो मन्दिरको केन्द्रमा एउटा शिवलिङ्ग छ र दायाँपट्टि एउटा सिंहासन रहेको छ । मन्दिरको अगाडि गरुड र नन्दीको मुर्ति रहेको छ । स्थानीय वासीहरु यस मन्दिरलाई अमलेश्वर महादेवका नामले पनि चिन्दछन भने नेवारी भाषामा यस मन्दिरलाई कल्चा देवल भनेर पनि चिनिन्छ । यस देवल अगाडिको चोकलाई कल्चा चोक भनिन्छ ।







## अग्नि चोक

यो चोकमा प्रत्येक बर्ष बच्छलेश्वरीको जात्रा हुन्छ।



# भाग २

## मुख्य मन्दिर प्रस्थान

# प्रमुख द्वार




## शंकराचार्य परिसर

**जब सबै धर्मको आपसी कलह बढिरहेको थियो, शंकराचार्य हिन्दु धर्म र संस्कृतिको रक्षा गर्ने हेतुले यात्रा गर्दै हुनुहुन्थ्यो । यात्राका क्रममा उहाँ पशुपतिनाथमा पनि आउनुभएको थियो । यो मठमा शंकराचार्य र उहाँका चार शिष्यहरूको मूर्ति समावेश छ।**

**शंकराचार्य मठको प्रवेशद्वारमा, तपाईंले "श्री १००८" भनि शंकराचार्यलाई अंगित गरेको देख्नुहुनेछ। यो कुनै पनि विशेष क्रमको सन्यासी (भिक्षु) को लागि उच्चतम उपाधि हो।**



## आगम घर

पशुपतिनाथको तान्त्रिक विधिमा साधना गर्न पशुपतिनाथमा आगम घर स्थापना गरिएको थियो । मुख्य पशुपति मन्दिरमा रहेका हरेक देवता आगम घरमापनि अवस्थित रहेको बताइने गरिन्छ ।



### के तपाईलाई थाहा थियो?

शिवको ज्ञानलाई दुई भागमा विभाजन गरिन्छः निगम(वैदिक) र आगम(तान्त्रिक) । त्यस्तैगरी, पशुपतिनाथमा पूजापनि वैदिक विधि र तान्त्रिक विधि गरि दुई तरिकाले गर्ने गरिन्छ ।




यहाँका पुजारी तान्त्रिक नेपाली भट्ट हुन् । आगन्तुक/भक्तजनहरूलाई भित्र जान अनुमति छैन। आगम घरका पुजारीहरू(अर्थात् प्रथम भट्ट-साम्बसदाशिव भट्ट र उनको वंश)लाई मात्र यहाँ भित्र पूजा गर्न अनुमति छ।

आगम घरको तीन तले भवन, मुख्य पशुपतिनाथ मन्दिरको पश्चिम प्रवेश द्वार बाहिर दक्षिणपश्चिम तर्फ रहेको छ । दिउँसो १२ बजेसम्म मुख्य पशुपतिनाथ मन्दिरमा शालिग्राम, रुद्र, अभिषेक, पञ्चामृत र वैदिक मन्त्रहरू प्रयोग गरी वैदिक पूजा गर्ने गरिन्छ।

दिउँसो १२ बजेपछि आगम घरमा श्री यन्त्रको प्रयोग गरी तान्त्रिक पूजा हुन्छ । कीर्तिमुख भैरवमा बलि चढाइएको पशु र धर्मशालामा चढाइएको पशुपतिनाथको प्रसाद पछि आगम घरमा ल्याइन्छ ।

## मुख्य द्वार




N
W
E
S
१३
८
९
१०
११
१२
३
४
५
६
७
१४
२
प्रवेश द्वार
१
Exit
बागमती नदी
जाने द्वार
१७
१५
१६
१८
२०
३०
१९
२१
२३
२२
३६
२९
३७
२४
२५
३५
२८
२६
२७
३४
३१
३३
३२

नक्सा अनुक्रमणिका

१. नन्दी
२. तुलसी मठ
३. द्रवेश्वर महादेव
४. ब्रह्मेश्वर
५. अन्नपूर्ण
६. दत्तात्रेय
७. चण्डेश्वर
८. होमेश्वरी पञ्चायन मन्दिर
९. केदार नरसिंहेश्वर
१०. शेर नरसिंहेश्वर
११. रत्न कुमारी
१२. बासुकीनाथ मन्दिर
१३. बद्रीनाथ मन्दिर
१४. श्री सिद्धेश्वर
१५. शेष नारायण
१६. चन्दन
१७. सुर्य नारायण
१८. लाल गणेश
१९. मुक्ति मण्डप
२०. गंगामाता मन्दिरको गजुर
२१. मिरगेश्वर, बिरुपाक्ष्य मन्दिर
२२. केदारनाथ
२३. कृष्ण मन्दिर
२४. पिउने पानी
२५. दिबेश्वर
२६. कृतिमुख भैरव
२७. शितला माई
२८. उन्मत्त भैरव
२९. शाही परिवारको मूर्ति
३०. धर्मशीला
३१. ६४ शिवलिङ्ग
३२. विष्णुका १० अवतारहरूको शिला
३३. मुख्य भट्ट निवास
३४. देवीहरुको मूर्ति
३५. नवग्रह
३६. भगवान हनुमान
३७. सत्यनारायण मन्दिर

# मुख्य पशुपतिनाथ मन्दिर

## गर्भगृह शिवलिङ्ग

मुख्य मन्दिरमा रहेको शिवलिङ्ग आफैं प्रकट भएको बताइन्छ । इतिहास खोतल्दै जादाँ, १४१७ बि.स. मा अघिल्लो गर्भगृहको जीर्णोद्धार गरेर हालको गर्भगृह स्थापना भएको हो । यहाँ भित्र दुई गर्भगृहहरू छन्: भित्री गर्भगृह वा गर्भगृह जहाँ मूर्ति राखिएको छ, र बाहिरी गर्भगृह जुन खुला कोरिडोर जस्तो ठाउँ हो।

पशुपतिनाथ मन्दिरको मुख्य शिवलिङ्गमा पाँच वटा मुख छन्। वामन (उत्तर), अघोर रुप (दक्षिण), तत्पुरुष (पूर्व), र सुद्योजत (पश्चिम) - चार दिशामा मुख भएका यिनलाई चार धामको रुपमा लिइन्छ । आकश तर्फ फर्किएको पाँचौं अनुहारलाई ईशान भनिन्छ। पाँचवटा अनुहारहरूले पाँच तत्वहरूलाई पनि प्रतिनिधित्व गर्दछ। वायु तत्व पूर्व तर्फ (तत्पुरुष)द्वारा प्रतिनिधित्व गरिएको छ । त्यस्तैगरी, पश्चिम तर्फ पृथ्वी तत्व (सुद्योजत), उत्तर तर्फ जल तत्व (वामन), दक्षिण तर्फ अग्नि तत्व (अघोर रुपा), र आकश तर्फ (ईशान) द्वारा अन्तरिक्ष तत्व (ईथर) द्वारा प्रतिनिधित्व गरिएको छ ।

प्रत्येक चार दिशामा रुद्राक्ष माला र पानीको भाँडो (कमण्डलु) राखिएको छ। लिङ्गको माथिल्लो भागमा सुनले बनेको जलहरी छ जसले शिवलिङ्गलाई ढाक्छ।



### के तपाईलाई थाहा थियो?

मूल गर्भगृहमा श्री यंत्रको पूजा गरेपछि मुख्य पूजाको प्रारम्भ हुन्छ। पुजारीले मुख्य शिवलिङ्गको माथिल्लो सतहमा श्री यंत्र चित्रण गर्न कुश र चन्दन प्रयोग गर्छन्। श्री यंत्रले दिव्य स्त्री शक्तिको प्रतिनिधित्व गर्दछ जसलाई शक्ति वा त्रिपुरासुन्दरी पनि भनिन्छ।

## पशुपतिनाथ मन्दिरको वास्तुकला

दुई तले पशुपतिनाथ मन्दिर प्यागोडा शैलीमा बनेको छ । मन्दिरका चार ढोकाहरु चाँदीको पाताले बनेका छन, र गजुर सुनको छ। दुई तहको छानाहरु सुनको आवरणको साथ तामाको बनाइएको छ । काठका झ्यालहरू, ढोकाहरू, गेटहरू र सबै सामानहरू युगौंदेखि पछ्याइएको ऐतिहासिक संरचनाको प्रतिनिधित्व गर्दै सुन्दर ढंगले बनाइएका छन् ।

टिम्पानम (नेपालीमा तोरान र नेवारीमा तोलान) चार ढोकाभन्दा माथिको संरचना हो। चारवटा ढोकाहरू माथि चारवटा दिशातिर फर्केर चारवटा तोरानहरु छन् । मन्दिरको चारै दिशाले चार भिन्न युगहरू, अर्थात् सत्ययुग, द्वापरयुग, त्रेतायुग र कलियुगलाई प्रतिनिधित्व गर्दछन् ।




### के तपाईलाई थाहा थियो?

हामीले सधैं घडीको दिशामा मन्दिरको परिक्रमा गर्नुपर्छ। जब हामी मन्दिरलाई घडीको दिशामा परिक्रमा गर्छौं, हाम्रो दायाँ पट्टि मन्दिरको अनुहार हुन्छ र बायाँ पट्टि बाहिरी अनुहार हुन्छ। शरीरको देब्रे भागलाई शक्ति र दाहिने भागलाई शिव मानिन्छ।

## मुख्य मन्दिरको परिक्रमा विधि

शिवलिंगको उचित परिक्रमा अन्य मन्दिरहरूमा जस्तै पूर्ण चक्र बनाएर गरिदैन । आधा गोलाकार वा अर्धचन्द्राकार आकार घुमाएर मुख्य मन्दिर ३ पटक परिक्रमा गर्नुपर्छ ।

सुरुवातमा, दक्षिण दिशाबाट हिँडेर ईशान (उत्तरपूर्व) दिशामा पुग्छौं । पहिले हामी त्यहिं ईशान (उत्तर पूर्व) बाट दर्शन गर्छौं । त्यसपछि पूर्वतिर हिँडेर तत्पुरुषको पूर्वबाट दर्शन गर्छौं । त्यसपछि हामी दक्षिणतिर हिँडेर दक्षिणबाट अघोर मुखको दर्शन गर्छौं । त्यसपछि हामी उत्तरतिर हिँड्छौं र उत्तरपश्चिम दिशाबाट बामदेव/वामनको दर्शन गर्छौं । त्यसपछि हामी पश्चिम तर्फ फर्केर पश्चिमबाट सुद्योजतको दर्शन गर्छौं । त्यसपछि हामी दक्षिणतिर हिँड्छौँ र दक्षिणबाट दर्शन गर्छौं त्यसपछि पूर्व हिँड्दै सुरूवात बिन्दुमा पुगेर परिक्रमा समापन गर्छौं ।



# पश्चिम भाग

## द्रबेश्वर महादेव

पश्चिम ढोकाबाट भित्र पसेपछि देब्रेपट्टि एउटा डबली भेटिन्छ । यहाँ अबस्थित शिवलिंगलाई धनको देवता “द्रबेश्वर महादेव” पनि भनिन्छ । "द्रबेश्वर महादेव" नाम “द्रव्य” बाट आएको हो जसलाई नेपालीमा धन भनिन्छ।

## भजन केन्द्र

विसं १९७० मा चन्द्र शमशेरले निर्माण गरेको यो दुई तले भवनका दुईवटा मुख्य उद्देश्यहरू छन् ।
भुइँ तल्ला जहाँ पशुपतिनाथको लागि भजन (भक्ति गायन) प्रदर्शन गरिन्छ । पहिलो तल्लामा पशुपति क्षेत्र विकास कोषको कार्यालय छ । अन्य कोठाहरू मन्दिर व्यवस्थापन र संरक्षण सम्बन्धी कामका लागि छुट्याइएका छन् ।



### के तपाईलाई थाहा थियो?

पूजा गर्दा तुलसीको पात विष्णुलाई चढाइन्छ भने बेलपत्रको पात शिवलाई चढाइन्छ। पशुपतिनाथमा तुलसी मठ र बेलको रुख छ ।

## श्री ब्रह्मेश्वर महादेव

श्रीब्रह्मेश्वर महादेव नाम भएकोले यो मन्दिर ब्रह्मालाई समर्पित छ । त्यहाँ पहिले ब्रह्माको मूर्ति थियो, तर मन्दिरमा अहिले शिवलिंग छ । ब्रह्माको मुख्य मूर्ति करिब ५० वर्षअघि चोरी भएको थियो र अहिले उक्त मुर्ति महानगरीय प्रहरी वृत्त गौशालामा "संरक्षणात्मक हिरासत"मा राखिएको छ ।

यस ब्रह्मा मन्दिरको अलंकृत पर्खालहरूमा विभिन्न हिन्दू देवी-देवताहरूको ४३ नक्काशीहरू छन् । उदाहरणका लागि: अष्टदिक्पाल, गंगा जमुना, गणेश, विष्णु, अर्धनारीश्वर, नटराज, आदि ।

# उत्तर भाग



### के तपाईलाई थाहा थियो?

अर्धनारीश्वर शिवको एक रूप हो जसको एक आधा महेश्वर (शिव) र अर्को आधा उमा (पार्वती) हो। पुरुष पक्ष ब्रह्माण्डको निष्क्रिय शक्ति हो र प्रकृति पक्ष ब्रह्माण्डको सक्रिय शक्ति हो। त्यसैले अर्धनारीश्वरले दुई ब्रह्माण्डीय शक्तिहरूको मिलनलाई संकेत गर्छ।

## श्री अन्नपुर्ण

गर्भगृहको उत्तरपट्टि माँ अन्नपूर्णा(माता पार्वतीको एक अवतार)को मूर्ति सहित एउटा सानो मन्दिर छ । मूर्तिको अगाडि त्रिशूल छ। मन्दिरमा ऐतिहासिक समय अवधिको झलक दिने लिच्छवी कालका शिलालेख (४००-७५० ईस्वी) लिपिहरू छन् ।

## दत्तात्रेय/ज्वर्हरेश्वर महादेव

ज्वर्हरेश्वर महादेवलाई त्रिशिरा महादेव पनि भनिन्छ । यस दत्तात्रेय मन्दिरमा ब्रह्मा, विष्णु र महेश्वरको बाल स्वरूपका मुर्तिहरु छन् । एक एकल शरीरले सम्बन्धित देवताहरूको तीनवटा शिर, खुट्टा र हातहरू धारण गर्दछ। ब्रह्मालाइ सृष्टिकर्ता, विष्णुलाई रक्षक र महेश्वरलाई संहारक भनेर चिनिन्छ।

दत्तात्रेयको मुनि मृत्युका देवता "यमराज"को पनि मूर्ति छ। दही–चिउरा सहित ज्वर्हरेश्वरको पूजा गर्दा ज्वरो निको हुन्छ भन्ने मान्यता रहेको छ ।

## श्री चण्डेश्वर शिवालय

गर्भगृहको उत्तरपूर्वमा चन्द्रेश्वर शिवालय छ। अहिले मन्दिरमा नर्वदेश्वर शिवलिङ्ग भएतापनि पहिले चण्डेश्वर शिवलिङ्ग वा चण्डेश्वरको अन्य कुनै प्रतीक यहाँ थियो पनि भनिन्छ । चण्डेश्वर शिवको त्यो रूप हो जसलाई पशुपतिनाथ मन्दिरमा पुजारीहरुले दिनहुँ पुजा गर्ने गरेका छन् । श्री चण्डेश्वर महादेव मन्दिर रामायणका प्रसिद्ध पात्र "रावण"लाई समर्पित छ, जो भगवान शिवको एक महान भक्त थिए ।

## बासुकी/बासुकीनाथ मन्दिर

पशुपतिनाथ मन्दिरको ईशान (उत्तर-पूर्व) दिशामा नेपाली शैलीमा बनेको दुई तले मन्दिर छ जसलाई बासुकी मन्दिर भनिन्छ । यस मन्दिरलाई पशुपतिनाथ परिसरमा पशुपतिनाथ मन्दिर पछि सबैभन्दा महत्त्वपूर्ण मन्दिर मानिन्छ । पौराणिक मान्यता अनुसार पहिला भक्तजनहरु बासुकी मन्दिरको पूजा गर्ने र त्यसपछि मात्र पशुपतिनाथको पूजा गर्ने गर्छन् । भगवान शिवले उहाँको पूजा गर्नु पहिले उहाँको गणको पूजा गर्ने भक्तहरूको मनोकामना पूरा गर्नुहुन्छ भन्ने पौराणिक मान्यता रहेको छ ।

अस्टनाग भनेर चिनिने ८ (अनन्त, बासुकी, तक्ष्यक,कर्कोटक, पद्य, महापद्य, शकपाल र कुकील) नागहरूको समूह छ । बासुकी अस्टनागहरू मध्ये एक हो।



**के तपाईंलाई थाहा थियो?**

मुख्य पशुपतिनाथ मन्दिरको चार कुनामा चारवटा शिवलिङ्ग रहेका छन् जसले मुख्य शिवलिंगको प्रतिकृति बनाएको छ ।

मुख्य पशुपतिको उत्तरपट्टि केही मन्दिरजस्तै संरचनाहरू छन् जुन तत्कालीन राजाहरूले मृतक परिवारका सदस्यहरूको सम्झनामा निर्माण गरेकाले ऐतिहासिक महत्त्व बोकेका छन्।

# पुर्व भाग

## सिद्धेश्वर महादेव

सिद्धेश्वर महादेव पशुपतिमा रहेको एकमात्र एकमुखे शिवलिङ्ग हो । यसलाई गुप्तेश्वर महादेव भनेर पनि चिनिन्छ। बासुकी भट्टहरुले (बासुकी मन्दिरका पुजारीहरु) नित्य रुपमा यस शिवलिङ्गको पूजा गर्ने गर्छन् ।

## श्री सिद्धेश्वर (अल्पमृत्युहरेश्वर) महादेव

यस मन्दिरमा पूजा गरेमा अल्पमृत्युबाट छुटकारा पाउन सकिन्छ भन्ने जनविश्वास रहेको छ ।

## श्री मुक्ति/चौसट्ठी मण्डप

मुक्ति मण्डपमा जम्मा ६४ वटा स्तम्भहरु रहेका छन् । जनविश्वास अनुसार यी ६४ वटा स्तम्भहरुले ६४ वटा प्रकारका पापहरुबाट मुक्ति प्रदान गर्छन् । यस मण्डपमा दुईवटा शिवलिङ्ग रहेका छन् : मुक्तेश्वर शिवलिङ्ग र सन्तानेश्वर शिवलिङ्ग जुन सन्तापहरेश्वर महादेव संग सम्बन्धित छ । सन्तानेश्वर शिवलिङ्गमा जल चढाउनाले सन्तानमा सुख सम्वृद्धि साथै सन्तान लाभ पनि हुने जनविश्वाश छ ।

मुक्ति मण्डप होम र हवनका लागि पनि प्रसिद्ध छ र त्यहाँ बसेमा भगवानकै काखमा बसे सरह हुने विश्वास गरिन्छ । मुक्ति मण्डपमा भजन किर्तन पनि गरिन्छ । नेपाल एवं भारतबाट प्रसिद्ध गायकहरु आई यहाँ संगीत साधना गर्ने गर्छन ।

## केदारनाथ

मुख्य मन्दिरको पुर्वपट्टि एउटा शिलाखण्ड रहेको छ जसलाई केदारनाथका रुपमा पूजा गरिन्छ । यस स्थानलाई मुकुन्द भैरव भनेर पनि चिनिन्छ । यहाँ रहेको शिलालाई हाल भारतमा रहेको केदारनाथको कण्ठ र ढाडको स्वरूप मानिन्छ ।

केदारेश्वरको उत्तरपट्टि भने एउटा गोलाकार शिलाखण्ड रहेको छ जुन ओखल आकारमा छ । भक्तजनहरु यहाँ आएर शिलाखण्डबाट चन्दनको लेपले टिका लगाउने गर्छन ।

## राधाकृष्ण मन्दिर

राधाकृष्ण मन्दिरलाई काला कृष्ण मन्दिर भनेर पनि चिनिन्छ । मन्दिर भित्र श्री कृष्णको मुर्ति रहेको छ । कृष्णको दाहिनेपट्टि रुक्मिणी र देब्रेपट्टि सत्यभामाको मुर्ति रहेको छ ।

# दक्षिण भाग

## किर्तिमुख भैरव

किर्तिमुख भैरवको मुर्ति पशुपतिनाथमा रहेका सबैभन्दा पुराना मुर्तिहरु मध्येको एक मानिन्छ । यस मुर्तिको मुखमात्र रहेको छ र त्यसलाई भुइँमा राखिएको छ । किर्तिमुख भैरवलाई पाञ्चायन विधिद्वारा पूजा गरिन्छ । भक्तजनहरु विभिन्न अवसरमा यहाँ नरिवल चढाउने गरेको पाइन्छ ।

## शीतला माता

जम्मा छ फीट रहेको शीतला माताको मन्दिर दुई तलाको छ र किर्तिमुख भैरवको छेउमा अवस्थित छ । यो मन्दिर शीतलताको प्रतिक पनि मानिन्छ । मन्दिर भित्रको मुर्तिमा (जुन अहिले बिग्रेको अवस्थामा छ) एउटा आमाले आफ्नो बच्चालाई देब्रेपट्टि काखमा राखेको देखिन्छ । शीतला माताको पूजा गर्नाले बच्चाहरुको स्वास्थ्यको रक्षा हुने र बिफर रोगबाट पनि राहत मिल्ने जनविश्वास रहेको छ । त्यसैले, शीतला मातालाई 'हिलिङ्गकी देवी' पनि मानिन्छ ।

## उन्मत्त भैरव

मान्यता अनुसार, परापुर्व कालमा मुख्य मन्दिरको दक्षिणपट्टि पर्ने काठमाडौँ उपत्यकाको भागमा विभिन्न रोगादी, आगलागी, खडेरी, इत्यादीहरु जस्ता प्रकोपहरु बेलाबेलामा देखा परी रहन्थे । त्यस्तो स्थिति देखेर त्यस बखतका पुजारीहरुले मूल मन्दिरको दक्षिणमा एउटा भैरवको मन्दिर बनाउन भन्छन् जसबाट मूल मन्दिरको उर्जालाई सन्तुलित बनाउन सकिन्थ्यो । यसरी उन्मत्त भैरवको स्थापना भयो । उन्मत्त भैरवको स्थापना पछि दक्षिण भागमा त्यस्ता प्रकोपहरु हराए र मानिसहरुको बस्ति बस्न थाल्यो ।



### के तपाईंलाई थाहा थियो?

स्वर्गीय राजा बिरेन्द्रले बि. सं. २०४७ सालमा पशुपति क्षेत्रलाई विस्तार गर्दै व्यवस्थापन र पुनर्निर्माण गर्ने हेतुले 'गुरु योजना' ल्याउनु भएको थियो । अहिले रहेको पशुपति क्षेत्रको परिपाटी अधिकांस रुपमा २०४७ सालको गुरु योजना अनुसार रहेको छ ।

## राजपरिवार प्रतिमाहरु

मुख्य मन्दिरको दक्षिणपट्टि राज परिवारका सदस्यहरुका केहि प्रतिमाहरु देख्न सकिन्छ । सुनको जलप लागेका दुईवटा स्तम्भमा स्व. राजा महेन्द्र बि. बि. शाह र स्व. राजा बिरेन्द्र बि. बि. शाहको प्रतिमा रहेको छ । बि. सं. १८६३ मा भोटु पाण्डेले रण बहादुर शाहको र राजराजेश्वरीको प्रतिमा राखेका थिए । पछि आएर बडा महाराजधिराज पृथ्वी नारायण शाह, प्रताप सिंह, राजेन्द्र लक्ष्मी, आदिको प्रतिमा पनि राखियो ।

## धर्मशिला

मूल मन्दिरको दक्षिण ढोकाको ठिक अगाडी तिर एउटा शिला देख्न सकिन्छ जसलाई धर्म शिला भनेर चिनिन्छ । बि. सं. २०१६ सालमा यस शिलालाई तामाको पत्रले छोपिएको थियो ।

नेपालको मल्ल कालमा सपथ ग्रहण समारोहमा यस शिलालाई साक्षी मानिन्थ्यो । धर्मको रक्षा गर्ने भनी वाचा गर्ने हुनाले यस शिलाको नाम धर्म शिला रहन गयो ।

## नवग्रह/नक्षत्र शिलाखण्ड

मुख्य मन्दिरदेखि नैऋत्य (दक्षिणपश्चिम) दिशा तर्फ भुइमा एउटा अर्को शिला देख्न सकिन्छ । शिलामा नव ग्रह र २७ नक्षत्रहरुको नक्सा कोरिएको छ जसले वैदिक ज्योतिषसंग सम्बन्ध राख्छ । बिक्रम संवतमा आधारित हाम्रो नेपाली पात्रो चन्द्रमा र सुर्यको परिक्रमामा आधारित रहेको छ । ग्रह र नक्षत्रहरुको स्थितिबाट नै विभिन्न कर्मकाण्ड, विवाह, र चाडपर्वहरुको शुभ अशुभ मुहुर्त र तिथिहरु पत्ता लगाइन्छ ।

## सत्य नारायण मन्दिर

पश्चिम ढोकाबाट भित्र छिरे पछि दाहिनेपट्टि एउटा डबली देख्न सकिन्छ । डबलीमा तीनवटा साना मन्दिरहरु र स्तम्भ र घण्टहरु रहेका छन् । ती मध्येको एउटा मन्दिरलाई सत्यनारायण मन्दिर भनेर चिनिन्छ । त्यस मन्दिरमा भगवान विष्णुको ५ फीट अग्लो मुर्ति रहेको छ ।



### के तपाईलाई थाहा थियो?

पशुपति मन्दिरमा दुईवटा नारायण रहेका छन् ।

- शेष नारायण जसलाई सानो बुढानिलकण्ठ पनि भनिन्छ
- श्री गरुड नारायण जसलाई सानो चाँगुनारायण पनि भनिन्छ ।

## रुद्रगारेश्वर महादेव मन्दिर

रुद्रगारेश्वरमा रहेको शिवलिङ्ग नेपालमा भएका ६४ सिद्धलिङ्गहरु मध्येको एक मानिन्छ । मदिरमा एउटा रुखको नजिक रुद्रकुण्ड पनि छ । रुद्रकुण्डको जल मुक्तिनाथबाट आएको भन्ने मान्यता छ ।

रुद्रगारेश्वरलाई पशुपतिनाथको विश्रामस्थल पनि भनिन्छ । यो स्थल रुद्र अभिषेखको लागि प्रसिद्ध छ । मानिसहरु यहाँ रुद्र अभिषेख गर्दै संकल्प लिए पश्चात मुख्य मन्दिरको दर्शन गर्न जाने चलन छ ।

धार्मिक कला र वास्तुका दृष्टिले पनि रुद्रगारेश्वर महत्वपूर्ण मानिन्छ । स्व. राजा त्रिभुवनले यहाँ रहेको शिवलिङ्गको संरक्षणको लागि पहल गर्नु भएको थियो र अहिले रहेको तीन तले मन्दिर भवन उक्त शिवलिङ्ग र मुर्तिहरुको सुरक्षाको लागि वि. सं. २०१५/१६ तिर निर्माण गरिएको थियो ।






## बागमती नदि

पशुपतिमतम शास्त्रका अनुसार बागमती नदीको उत्पति भगवान शिवको जिब्रोबाट भएको भनिन्छ । तसर्थ, बागमती नदी नेपालको पवित्र नदीहरु मध्ये मानिन्छ । बागमती नदीको मुहान भने काठमाडौँ नजिक रहेको शिवपुरी राष्ट्रिय निकुञ्जको बागद्वार भन्ने ठाउँमा अवस्थित छ ।



# भाग ३



Basaha
Pashupatinath Temple
पशुपतिनाथ मन्दिर
Revered, historic Hindu temple
Gangamata temple
Mirgeshwar Mahadev
Aagam Ghar
Unmukta Bhairav Temple ( उन्मुक्त...
Pashupati Temple
पशुपति मन्दिर
चौसठ्ठी क्षेत्र शिवालय
Pathwik Shivalinga
अनन्त आदिनारायण
Vatsaleshwari Temple
वत्सलेश्वरी मन्दिर
Pancha Ganesh
आकाश भैरव
नील सरस्वती
Pashupati
Jaya Mangala
Pashupatin Cremation
Tourist ticket counter
Bhasmeshwor
Temporarily closed
2D

## बत्सलेश्वरी शक्ति पीठ

पशुपतिनाथ मन्दिर परिसर भित्रको श्रद्धेय शक्तिपीठ मध्ये एक महत्वपूर्ण शक्तिपीठको रुपमा बत्सलेश्वरीको महत्व रहेको छ। यो पशुपतिनाथ मन्दिर क्षेत्र भित्रको सबैभन्दा प्रमुख भागहरू मध्ये एक हो। उल्लेखनीय रूपमा, यो क्षेत्र पशुपतिका नौ भिन्न प्रवेशद्वारहरुको अभिसरणमा अवस्थिति छ । यसको केन्द्रिय स्थानले पशुपति क्षेत्रमा यसको महत्व जनाउछ।

## नील सरस्वती

नील सरस्वती मातालाई माता सरस्वतीको तान्त्रिक स्वरुप मानिन्छ। उहाँलाई महासरस्वतीको रुपमा पनि लिइन्छ।



## वत्सलेश्वरी मन्दिर

यो मन्दिर पशुपतिनाथ मन्दिर भन्दा पनि पुरानो रहेको र यसले ऐतिहासिक महत्व बोकेको मानिन्छ। यसलाई भगवान शिव र माता पार्वतीको वासस्थानको रुपमा पनि लिइन्छ। अन्य मन्दिरहरु जस्तो परम्परागत ढोकाहरू नरहेको यो मन्दिरको वास्तुशिल्प रचना निकै अनौठो छ। मान्यता अनुसार, यो मन्दिरबाट निरन्तर विभिन्न देवी-देवताहरू, आत्माहरू र अलौकिक शक्तिहरु प्रवाह भैरहने हुनाले यो मन्दिर सदैव खुल्ला अवस्थामा हुन्छ। उल्लेखनीय कुरा के छ भने यो मन्दिरले पशुपतिनाथका नौवटा श्मशानमध्ये पहिलो श्मशान अर्थात् मसानघाटको स्थान ओगटेको छ।





देव धारा

महाकाली, महालक्ष्मी र महासरस्वतीका दिव्य पक्षहरूलाई समेटेकी मानिएको वत्सलेश्वरीलाई त्रिपुरासुन्दरीको उग्र अवतारको रूपमा पनि मानिन्छ। यस मन्दिर भित्र कुनै विशेष देवताको परम्परागत मूर्ति छैन। त्यसको सट्टा, एक श्री यंत्रलाई प्रमुख रूपमा राखिएको छ जसले प्रत्येक देवतालाई बस्नको लागि पवित्र निवास प्रदान गर्दछ।

मन्दिरको अगाडि, विभिन्न देवताहरूसँग सम्बन्धित वाहनहरूको विभिन्न साना मूर्तिहरू रहेका छन्, जसमा प्रायः सिंह र नन्दीको चित्रण पाइन्छ।

त्यसै गरि वत्सलेश्वरी मन्दिरलाई एक महत्वपूर्ण सिद्ध पीठको रुपमा पनि लिइन्छ। मान्यता अनुसार, तन्त्रका साधकहरूले "सिद्धि" वा आध्यात्मिक उपलब्धि प्राप्त गर्नको लागि यस पवित्र स्थानमा श्रद्धा अर्पण गर्नुपर्छ। तसर्थ, यो मन्दिर तन्त्र साधना वा आध्यात्मिक अभ्यासमा संलग्न आध्यात्मिक साधकहरूको लागि एक महत्वपूर्ण तीर्थस्थलको रूपमा रहेको छ।

चैत्र पिशाच चतुर्दशीको भोलिपल्ट यस मन्दिरमा एक महत्त्वपूर्ण उत्सव हुन्छ। यस दिन पशुपतिनाथ मन्दिरसँग सम्बद्ध गुठियार (मन्दिरका गुरु), भट्ट पुजारी (पुजारी), र भण्डारी (मन्दिरको हेरचाह गर्ने व्यक्ति) सबै यहाँ भेला भएर भव्य उत्सव गर्दछन् । यो रमाइलो अवसरले उत्सव र सामूहिक श्रद्धाको महत्त्वपूर्ण दिनलाई जनाउछ।

## जम्बूद्वीप

बत्सलेश्वरी मन्दिरको सिधा अगाडी रहेको चारपाटे आकारमा बनाइएको यो स्थानलाई जम्बूद्वीप भनिन्छ। विश्वको केन्द्रविन्दु मानिने यस जम्बूद्वीपको गहिरो महत्व छ। वर्षमा एक पटक पर्ने चैत्र पिशाच चतुर्दशीको शुभ अवसरमा यस स्थानमा चितालाई औपचारिक रूपमा प्रज्वलन गरिन्छ। त्यो दिन यस ठाउँमा एक भव्य जात्रा र काल रात्रि पूजा हुने गर्दछ, जसले यस पवित्र स्थलको महत्वलाई अझ बढाउँछ। त्यसै गरि यस दिनले तन्त्र अभ्यास गर्नेहरूका लागि पनि गहिरो महत्व बोकेको छ।



## छा हेग्यु (देव धारा)

पशुपतिनाथ मन्दिर भित्रका विभिन्न पानीका अंकुरहरू (धाराहरु) मध्ये विशेष धाराको रुपमा रहेको यो धारा वर्षमा एक पटक मात्र बग्दछ। पशुपतिनाथ मन्दिरमा वर्षमा एक पटक मात्र बग्ने धारा यो मात्र एक हो। चैत्र पिशाच चतुर्दशीको महत्वपुर्ण रातमा भगवान शिव र माता पार्वतीले आफ्नो उपस्थितिले यस स्थानलाई अनुग्रह गर्ने विश्वास गरिन्छ। यस दैविक आगमनका लागि त्यस रातमा यो मन्दिरका ढोकाहरू ढाकिन्छ र देवताहरूलाई रातमा रमाइलो गर्न अनुकूल वातावरण सिर्जना गर्न मन्दिरको भित्रि भागलाई जाँड र रक्सिले भरिन्छ। यहाँ चढाइएका भेटीहरू भोलिपल्ट बिहान प्रवाह गरिन्छ।

यो शुभ अवसरमा, अर्नाको सिङ बाट छ्याङ् धारामा खन्याइन्छ। धराको बहाव सुरु भएसँगै तल भक्तजनहरूको भीड जम्मा हुन्छ। यस पवित्र जलमा नुहाउँदा मनोकांक्षा पूरा हुने जनविश्वास छ ।

## आकाश भैरव

**आकाश भैरवलाई सबैभन्दा प्रतिष्ठित तान्त्रिकहरु मध्ये एक मानिछ। बत्सलेश्वरी मन्दिरको छेउमा उनको पूर्ण शरीर को मुर्ति अवस्थित छ, जबकि उनको शिरको प्रसिद्ध मुर्ति इन्द्रचोकमा रहेको छ। आकाश भैरवले देवी बतसलेश्वरीलाई प्रसन्न गरेर सिद्धि प्राप्त गरेको जनविश्वास छ । उहाँलाई किरात वंशका प्रथम राजा यलम्बरको रूप पनि मानिन्छ।**



**आफ्नो असाधारण क्षमताका लागि प्रख्यात आकाश भैरवसँग महाभारतको शुरुवात हुनुअघि नै त्यसको भविष्यवाणी गर्ने दूरदर्शिता थियो। आगामी युद्धबाट उत्साहित भएर उनि यो विशाल युद्ध हेर्न कुरुक्षेत्र गएका थिए । उनको अपार शक्ति र उनले भाग लिने खण्डमा युद्धको पाटो बदल्न सक्ने क्षमतालाई बुझेर भगवान कृष्णले एउटा चतुर योजना बनाउनुभयो र उनलाई उनको शिर प्रदान गर्न अनुरोध गर्नुभयो। बिना हिचकिचाहट आकाश भैरवले उहाँलाई आफ्नो शिर प्रदान गरिदिए। मान्यता अनुसार भगवान कृष्णले उनलाई राखेको पहाडको टुप्पोबाट आकाश भैरवले सम्पूर्ण महाभारतको अवलोकन गरेका थिए । युद्ध सकिएपछि आकाश भैरवको टाउको काठमाडौंको इन्द्रचोकस्थित उनको दरबारमा फर्किएको थियो । फलस्वरूप, आकाश भैरवको टाउको आजसम्म इन्द्रचोकमा राखिएको छ। कथाका अन्य लोकप्रिय संस्करणहरूमा आकाश भैरवलाई बर्बरिक पनि भनिन्छ।**

**"आकाश भैरव" नामको उत्पत्ति यस तथ्यबाट भएको हो कि उनको टाउको आफ्नो वर्तमान स्थितिमा अवतरण गर्नु अघि आकाशबाट उडेर आएको थियो।**



### के तपाईलाई थाहा थियो?

पशुपतिनाथ मन्दिरको भ्रमणका क्रममा आदिगुरु शंकराचार्यले तन्त्रशक्ति प्राप्त गर्न बतसलेश्वरी देवीको पूजा गरेका थिए । उनले त्यतिबेला पशुपतिनाथका तान्त्रिक बन्धु दत्तलाई हराएर पशुपतिनाथ मन्दिरमा पूजा गर्नका लागि भारतबाट भट्ट पुजारीहरूलाई बोलाउने प्रचलन सुरु गरे।

## पन्च गणेश





## अनन्त आदि नारायण

अनन्त आदि नारायण भनेर चिनिने भगवान विष्णुको मुर्ति पोलेको माटोबाट बनाइएको थियो। किंवदन्ती अनुसार, पशुपतिनाथ मन्दिरमा मुख्य रूपमा भगवान शिवको पूजा गरिएको कारण, यहाँ भगवान विष्णुको कुनै पनि मूर्तिहरू थिएनन्। यो अवस्था बुझेर गन्धर्वहरुले रातारात यो मुर्ती निर्माण गरेका थिए । उल्लेखनीय रूपमा, मूर्तिको पछाडिको भागमा भगवान शिवको परिवारलाई चित्रण गर्ने लघु मूर्तिकलाहरू छन्।






## आर्यघाटको गोसाइकुण्ड

आर्यघाटमा गोसाइकुण्ड र मातातीर्थको सानो स्वरुप रहेको छ। हरेक बर्ष श्रावण पूर्णिमाको शुभ अवसरमा गोसाइकुण्डमा मेला लाग्छ । वास्तविक गोसाइँकुण्डको दर्शन गर्न नसक्नेहरूले आर्यघाटस्थित गोसाइँकुण्डमा देवताको पूजा गर्न सक्छन्। त्यसैगरी मातातीर्थ औसी (आमाको मुख हेर्ने दिन) को दिन थानकोटको गोकर्ण मन्दिरमा पूजाआजा गर्न मानिसहरू परम्परागत रूपमा आउँछन्। यद्यपि, यदि त्यो मन्दिरमा पुग्न असक्षम छ भने, तिनीहरूले यसको सट्टा आर्यघाटमा रहेको यस मातातिर्थ मन्दिरमा पूजा गर्न सक्छन्। आर्य घाटको खुड्किलाहरुमा १०८ तीर्थहरूको नाम कुदिएको छ।

जन मन्यता अनुसार, पहिले अव्यवस्थित रुपमा रहेको आर्यघाटलाई तन्त्रविद्याका निपुण अभ्यासक रामनाथ अघोरीले व्यवस्थित गरेका थिए ।

## जय मंगला/ मंगला गौरी

मंगला गौरीको नामले पनि परिचित जय मंगलालाई देवी दुर्गाको रूप मानिन्छ । यसबाहेक, पशुपतिका नौ शक्तिपीठहरू मध्ये एक शक्ती पीठ जय मंगलालाई पनि मानिन्छ । यही मन्दिरमा कछुवाको माथि उभिएको महालक्ष्मीको मूर्ति पनि रहेको छ।








## पाथ्विक शिवलिङ्ग

यो शिवलिङ्गलाई सबैभन्दा पुरानो शिवलिङ्ग मध्ये एक मानिन्छ र यो एक्दम दुर्लभ प्रकारको शिवलिङ्ग हो । अन्यत्र कतै पनि यस्तो शिवलिङ्ग पाउन निकै कठिन छ ।



## ब्रह्मनाल

पशुपतिनाथको पवित्र जल बग्ने स्थान तथा पशुपतिनाथको चरणमा अवस्थित रहेको यो ब्रह्मनालमा प्राण त्याग्नेले मृत्युपछि शिवलोक (भगवान शिवको वासस्थान) प्राप्त गर्ने जनविश्वास छ । त्यसैले, कुनै शवलाई जलाउनु अघि यहाँ राखेर पशुपतिनाथ को चरणको जल ख्वाउने चलन रहेको छ । मान्यता अनुसार, पौराणिक कालमा वैद्यले मृत्युको समय नजिक आएको सूचना गरेपछि मृत्यु हुन लागेको व्यक्ति लाई सास छोड्ने केहि समय अघि यो ब्रह्मनालमा सुताइन्थ्यो र यहाँ प्राण त्यागेपछि मृतकको शिव लोकमा बास हुन्छ भनेर अझै पनि मानिन्छ।



## मृघेश्वर महादेव

पशुपतिनाथको प्रारम्भिक स्वरूप मृगको रूपमा रहेको मानिन्छ । यो मन्दिर भित्र, त्यो प्रारम्भिक रूप को प्रतिनिधित्व गर्ने एक सीङ्ग रहित हिरणको मूर्ति छ। चाखलाग्दो कुरा के छ भने, केही व्यक्तिहरूले अझै पनि यस रुपलाई पशुपतिनाथको साँचो रुप मान्दछन् र यसको महत्त्व र श्रद्धालाई जोड दिन्छन्। यो मन्दिरमा विरूपाक्ष्यको प्रसिद्ध मुर्ति पनि रहेको छ ।







मृघेश्वर महादेव

## गंगामाई मन्दिर

**प्रारम्भमा यो मन्दिरमा कुनै गजुर थिएन, तर पछि यो मन्दिरमा एक श्री यंत्रको आकारमा गजुर राखियो । यो मन्दिरमा रहेको रातो रंग को शिर श्री यन्त्र हो। यसबाहेक, असार महिनामा गंगा जात्रा भनिने एक महत्वपूर्ण पर्व यस स्थानमा मनाइन्छ। यस मूर्तिको केन्द्रमा गंगा देवीको मूर्ति, एकातर्फ वेदव्यासको प्रतिमा र अर्कोतर्फ भगवान शिव र पार्वतीको मूर्ति राखिएको छ।**




गंगामाई मन्दिर



**विरुपाक्ष**

# भाग ४



Dattaterya
Bhasmeshwor
Panchamukhi Hanuman Mandir (Kumarigaal)
पंचदेवल
अमर कन्टेश्वर महादेव
सुरेश कन्टेश्वर महादेव
बुद्धको प्रतिमा
विराटेश्वर शिवलिङ्ग
जीत जंग प्रकाशेश्वर देवल
Pashupati Kiriya Putri Bhawan...
पशुपति कृयापुत्री भवन...
Raj Rajeshwori Temple
Bagmati River
तारा कुण्ड
तारकेश्वर महादेव
Nabadurga Temple
Agnihotra Yagyashala
अग्नीहोत्र यज्ञशाला
Shalma HR
ersees Pvt. Ltd
चार शिवालय
Banganesh Temple
Gaushala
Pasupati
2D

## चण्डेश्वर महादेव मन्दिर

पारम्परिक रूपमा पशुपतिनाथको पूजामा पशुपतिनाथलाई भोग प्रदान गर्न भन्दा अगाडि चण्डेश्वर महादेवलाई पनि समान प्रसाद प्रदान गर्नु पर्छ। चाहे त्यो फूलहरू होस् वा महाभोग जस्तो महत्त्वपूर्ण भोजन सबै कुरा पहिले चण्डेश्वर महादेवलाई प्रदान गरिन्छ र त्यसपछि पशुपतिनाथलाई प्रदान गरिन्छ।

## पंचदेवल

"पञ्चदेवल" नाम यसको परिसरमा पाँच मन्दिरहरू अथवा देवलहरुको संरचनाबाट आएको हो। नेपाली भाषामा "पञ्च" शब्दले पाँचलाई जनाउँछ। यस मन्दिरको वास्तु विशेषता के छ भने यसको झ्याल हात्तिको दाँतबाट बनाइएको छ।



पञ्चदेवाल परिसर सत्तलहरूले चारै दिशाहरूमा घेरिएको छ । यी सत्तलहरूले प्रारम्भिक रूपमा पाक्शाला (सामुदायिक भोजनालय) का रूपमा सेवा गर्दछन् जहाँ गरिब र आवश्यकतामा परेका व्यक्तिलाई भोजन प्रदान गरिन्छ। समय संगै पञ्चदेवल पाक्शालाले आफ्नो सेवालाई विस्तार गर्दै घर विहिन र पीडित महिलाहरुको लागि आश्रय र पोषण प्रदान गर्न सुरु गरेको छ। २०३२ वि.सं. (१९७५ ई.) देखि, यो स्थान वृद्ध आश्रमको रूपमा परिवर्तित भएको छ र यो वृद्धाश्रम पुरुषहरू र महिलाहरूका लागि खुला छ।

## पञ्चदेवलमा पाँचहरू

मन्दिरको उत्तरी भागमा तपाईंले पाँच त्रिशूलहरू, पाँच पूर्वमुखी भएका नन्दीहरू, र पाँच चण्डेश्वर महादेवका मूर्तिहरूको समुह पाउन सक्नुहुन्छ। प्रारम्भिक रूपमा, चण्डेश्वर महादेवको यी मूर्तिहरूलाई एउटा बेडी (उच्च प्लेटफर्म) बाट स्थापना गर्नुभएको थियो, तर वर्तमानमा, केन्द्रमा रहेको एक मूर्ति मन्दिरको उत्तर-पश्चिम दिशामा स्थानान्तरित भएको छ। त्यसको स्थानमा अहिले तुलसीमठ (पवित्र तुलसी प्लान्ट) राखिएको छ।

## उदासी अखडा

उदासी अखाडा भस्मेश्वर घाटको परिसरमा उपस्थित छ। यो वर्तमानमा पर्यटक टिकटिङ केन्द्र हो। यसमा सिख धर्मको पवित्र प्रामाणिक शास्त्र गुरु ग्रंथ साहिब संग्रहीत छ।



## भस्मेश्वर घाट

भस्मेश्वर घाटमा भस्मेश्वर महादेवलाई प्रतिष्ठित गरिएको शिवलिङ्ग रहेको छ र यो शिवलिङ्ग पशुपतिनाथको क्षेत्रमा रहेका नौ ज्योतिर्लिङ्गहरू/सिद्धलिङ्गहरूमध्य एक मानिन्छ जसले यसको महत्वपूर्ण आध्यात्मिक महत्त्व देखाउछ । भस्म मानिसका शव दाह क्रियाबाट प्राप्त गरिएको धूलो हो। भस्मेश्वर घाटमा पशुपतिनाथ मन्दिरसँग सम्बन्धित प्राचिन स्थानीय शिलालेख पनि पाइन्छ। "भस्मेश्वर घाट" नाम भस्मेश्वर महादेवको उपस्थिति भएकोले दिइएको हो ।भस्मेश्वर महादेव यो स्थानमा बसोबास गर्नुहुन्छ भन्ने मानिन्छ। लोकप्रिय विश्वास अनुसार, दाह गरिएको शवबाट आएको भस्म भस्मेश्वर शिवलिङ्गसँग संपर्क गरेमा, त्यो व्यक्तिले "मुक्ति" वा मोक्ष प्राप्त गर्दछ। यसकारण, यो स्थानमा शिवलिङ्गलाई खुला स्थानमा राखिन्छ।

विश्वास गरिन्छ कि भस्मेश्वर घाटमा रहेको शिवलिङ्ग यो शुभक्षेत्रमा दाहित शवहरूको भस्मबाट उत्पन्न भएको हो। भस्मेश्वर महादेव नाम हुनको पछाडि यसले पनि थप अर्थ दिन्छ ।

साथै, भस्मेश्वर घाटका नजिकका छोटा घरहरू गरिबहरूका लागि वा संन्यासीहरूको विश्राम गर्नको लागि प्रयोग गरिन्छ ।



## भस्मेश्वर महादेव



## कुवा

विगतमा पशुपतिनाथको मुख्य शिवलिङ्गको दैनिक स्नान/जल अभिशेखको लागि बागमती नदीबाट पानी प्रयोग गरिन्थ्यो। तर अहिले नदी अत्याधिक प्रदूषित भएको छ, त्यसकारण यो कुवाबाट शिवलिङ्गको स्नान गरिन्छ र यसको परिसर अरु समयको लागि बन्द गरिन्छ।



## अमर कन्टेश्वर महादेव र सुरेश कन्टेश्वर महादेव



## अमर कान्तेश्वर घाट



## विराटेश्वर शिवलिङ्ग

पशुपतिनाथ क्षेत्रमा रहेको सबैभन्दा ठूलो मानिएको यो शिवलिङ्ग पुरिएको कुवामा ढल्किएको अवस्थामा राखिएको छ ।



## बुद्धको प्रतिमा

पहिले यस ठाउँमा सातौँ शताब्दी ईसापूर्वको भागवान बुद्धको प्रतिमा रहेको थियो, तर यसलाई अहिले समान आकृती भएको एक नयाँ प्रतिमाले बदलिएको छ।





## तलेजु मन्दिर

यो मन्दिरमा रहेको तलेजु भवानी देवीलाई पुजारीहरूले जयबागेश्वरी मन्दिरमा दैनिक पूजाको अवसरमा पूजा गर्छन्। यस बाहेक, जब भक्तपुरबाट नवदुर्गाको नाच यहाँ ल्याइन्छ तब तलेजु देवीको पनि पूजा गरिन्छ।

## भट्ट निवास

निर्मल अखडाको उत्तरमा स्थित भएको यो विशेष स्थल भ्रमणकर्ताहरूको लागि निषेधित छ। यसले पशुपतिनाथ मन्दिरका तेस्रो र चौथो स्तरको भट्ट पुजारीहरूको विशेष आवासको रूपमा काम गर्दछ।



## निर्मल अखडा

निर्मल अखडा राजराजेश्वरी परिसरको नजिक रहेको छ र यसमा गुरु ग्रंथ साहिबको मन्दिर पनि छ।



# राजराजेश्वरी परिसर

राजराजेश्वरी भस्मेश्वर घाटको दक्षिणमा बागमती नदीको किनारमा स्थित छ र यो पशुपतिनाथको आस-पासका नौ शक्ति पीठहरूमध्ये एक मानिन्छ। यस पवित्र स्थलमा ढलेको शिवलिङ्ग रहेको छ, जसलाई बिराटेश्वर महादेव भनिन्छ जो एक कुवामा अवस्थित छ । उक्त कुवा भविष्यका झलकहरू प्रकट गर्ने क्षमता भएको मानिन्छ। मन्दिरको अभिलेखमा लेखिए अनुसार यो मन्दिर राजा जयधर्म मल्ल र राजा जयज्योति मल्लद्वारा निर्मित भएको देखिन्छ।

राजराजेश्वरीको नामले त्रिपुरसुन्दरीदेवीलाई जनाइन्छ जो दस महाविद्याहरूमा एक मानिनुहुन्छ । तर यो मन्दिरमा रहेको राजराजेश्वरी नवदुर्गाको शक्तिपीठ हो । शैलपुत्री, ब्रह्मचारिणी, चंद्रघंटा, कूष्माण्डा, स्कन्दमाता, कात्यायिनी, कालरात्रि, महागौरी, र सिद्धिदात्रीलाई नवदुर्गा भनिन्छ ।

राजराजेश्वरी मन्दिरको आवासमा सिंह, धूनी, यज्ञ कुण्ड, कुमार, र कृष्ण स्तंभसहित अन्य कलाकृती पाउन सक्नुहुन्छ।



## जीत जंग प्रकाशेश्वर देवल

यो मन्दिर जंग बहादुरका छोरा जीत जंगद्वारा निर्माण गरिएको हो र यहाँ बाह्रवटा शिवलिङ्गहरू रहेका छन् ।



## तारा कुण्ड

पशुपतिनाथमा भएका नौ कुण्डहरुमध्य तारा कुण्डलाई एक मानिन्छ । यो कुण्ड राजराजेश्वरी मन्दिरको दक्षिणमा र क्रियापुत्रीलाई छुट्टाइएको जग्गामा अवस्थित छ ।



## तारकेश्वर महादेव



## चार शिवालय र अग्निहोत्रशाला

राजराजेश्वरी मन्दिरको दक्षिणमा, चार शिवालय (चार शिव मन्दिरहरू) र अग्निहोत्रशाला रहेको छ। चार शिवालयहरू—जङ्ग मुक्तेश्वर, जगत मुक्तेश्वर, राणा मुक्तेश्वर, र बाल मुक्तेश्वर—१८४५ मा बीर शमशेरले निर्माण गराएका थिए। अग्निहोत्रशालामा पाँच यज्ञशाला समावेश गरिएका छन् जहाँ दैनिक यज्ञ र होम प्रातः र साँझमा सम्पन्न गरिन्छ।



# भाग ५



Bagmati River
Kirateshwar Mahadev
किरातेश्वर महादेव
Shree pancha Satya sanatan kuti
Bagmati River
Uma Kunda
उमा कुण्ड
सूर्यघाट, पशुपति
Pashupati Kailash Maha Hawan...
पशुपति कैलाश महा हवन (महेन्द्र...
Baasukinath Temple
बासुकीनाथ मन्दिर
Kathmandu nepal
Pashupatinath Temple
पशुपतिनाथ मन्दिर
Revered, historic Hindu temple
Bhuteshwor Mahadev
भुतेश्वोर महादेव
Bagmati River
3D
Saraswati Temple
सरस्वती मन्दिर

## सुर्यघाट

सूर्यघाट बागमती नदीको किनारमा अवस्थित छ। यो घाट यसका धेरै गुफाहरू जस्तै दुर्गा गुफा, तिलोपा गुफा र नरोपा गुफाका लागि परिचित छ। दुई भिन्न गुफाहरु तिलोपा र नरोपालाई पवित्र स्थान मानिन्छ किनभने यी त्यही गुफा हुन् जहाँ नरोपाले आफ्ना गुरु तिलोपाबाट ज्ञान पाएका थिए र यहाँ उनले वज्रयोगिनीको दर्शन प्राप्त गरेका थिए। प्रत्येक पुर्णिमामा यस स्थानमा मेला लाग्ने गर्छ र सुर्यका उपासकहरु यहाँ जल चढाउन आउने गर्छन।

यी गुफाहरूमा विभिन्न अघोरीहरूले आफ्नो साधना गरेका छन्। यस क्षेत्रमा राजा मानदेव र रानी भोगिनीकि पुत्री राजकुमारी बिजयावतीले आफ्नो मातापिताको सम्झनामा स्थापना गरेको शिवलिङ्ग छ जसलाई विजयेश्वर शिवलिङ्ग भनेर चिनिन्छ। नेपालको पहिलो सिक्का मानाङ्कमा लेखिएको "भोगिनी" भन्ने नाम राजा मानदेवकि पत्नी को हो भनेर यो विजयेश्वर शिवलिङ्ग संग रहेको शिलालेखबाट थाहा भएको हो।



### के तपाईंलाई थाहा थियो?

पशुपतिनाथ क्षेत्र विभिन्न धर्मका धेरै धर्मगुरुहरूको आध्यात्मिक अभ्यास (साधना)को साक्षी रहेको छ। गुरु नानकका शिष्यहरू, बौद्ध धर्मका गुरुहरू, महावीरका अनुयायीहरू, जैन साधकहरू, नागाहरू, नाथपंथीहरू, वैष्णवहरू, रामानुजनहरू र अरू धेरैले पशुपतिनाथलाई आफ्नो परम देवता (इष्टदेव) मान्दछन्।

## किरातेश्वर महादेव

किरातेश्वर महादेव मन्दिरमा भगवान शिव र देवी पार्वतीसँग जोडिएको मनमोहक किंवदन्ती छ। मानिन्छ, भगवान शिवले किरातको भेष धारण गरी स्लेष्मन्तक वनमा प्रवेश गर्दा देवी पार्वतीले किरातिनीको रूप धारण गरी उनको पछि लाग्नुभयो । उहाँले गौरीघाट क्षेत्रमा एक हजार वर्षभन्दा बढी समय ध्यानगर्दै भगवान शिवको आचरणलाई अवलोकन गर्दै जानु भयो। अन्ततः जब शिव र पार्वतीको सामना भयो, दुवैले शेश्मान्तक वनमा संगै बस्ने निर्णय गर्नु भयो र त्यहाँ आफ्नो पुजाको साझा सिद्धान्तहरु अभ्यास गर्न मन्दिर स्थापना गर्नु भयो। किरात र किरातिनी रूपमा दिव्य भेट भएको संकेत गर्दै मन्दिरको नाम किरातेश्वर महादेव राखिएको थियो।




महभारत कथा अनुसार, भगवान शिवले अर्जुनलाई आफ्नो किरात स्वरूपमा द्वन्द्वको चुनौती दिएका थिए। अर्जुनको सीपबाट प्रभावित भएर, भगवान शिवले आफ्नो वास्तविक पहिचान प्रकट गरि उनलाई पाशुपतास्त्र भनिने दिव्यशास्त्र (एक ईश्वरीय अस्त्र) प्रदान गरेका थिए। त्यो स्थल यही किरातेश्वर मानिन्छ ।



किरातेश्वर महादेव अवस्थित रहेको स्थानमा गौरीघाट पनि छ जहाँ २०४८ सालमा स्थापना भएको संगीत आश्रम अवस्थित छ। यस संस्थाले नेपाल तथा विश्वभरका प्रतिभाशाली संगीतकारहरूलाई पूर्णिमाको समयमा आफ्नो कला प्रदर्शन गर्न मञ्च प्रदान गर्दछ।

यसबाहेक, किरातेश्वर महादेव नौ ज्योतिर्लिङ्ग मध्ये एक भएकोले यसको महत्व र पवित्रता उच्च छ। शिवलिंगलाई पूर्ण चक्कर घुम्न उपयुक्त नहुने विश्वासका कारण यहाँको शिवलिङ्गको परिक्रमा गर्न नदिनका लागि बार लगाइएको छ।

## कैलाश डाँडा

कुनै समयमा कैलाश डाँडा पनि सेलेश्मान्तक वनको भाग रहेको मानिन्छ। पहिले बागमती नदी गौरीघाट हुँदै फरक बाटोबाट बग्ने गरेको र समय बित्दै जादा सेलेश्मान्तक वनलाई चिरेर कैलाश डाँडा र सो वनको बीचबाट बग्न थालेको मानिन्छ।

यस कैलाश डाँडाको क्षेत्रफल १०० रोपनी भन्दा बढी रहेको मानिन्छ। यस क्षेत्रमा ९ ओटा शिवलिङ्गहरू हुनुको साथै पशुपति क्षेत्रमा पाइने ९ ज्योतिर्लिङ्ग मध्ये एक पर्वतेश्वर नामक ज्योतिर्लिङ्ग पनि अवस्थित छ।

यस क्षेत्रसँग निकै धेरै पौराणिक कथा र विषयवस्तुहरू गाँसिएका छन्। तीमध्ये एक पौराणिक कथा अनुसार भगवान शिव कैलाशबाट पशुपति क्षेत्र भ्रमणमा आउँदा सर्वप्रथम यस क्षेत्रमा आई विहार गर्नु भएकाले यस ठाउँलाई कैलाश डाँडा नाम राखिएको मानिन्छ। यस ठाउँलाई शिव धाम वा सानो कैलाश पर्वत पनि भन्ने गरिन्छ।

कैलाश डाँडाको धार्मिक तथा संस्कृतिक रूपमा पनि ठूलो महत्त्व रहेको छ। यस डाँडामा मंसिर महिनाको बाला चतुर्दशीका दिन ठूलो मेला लाग्ने गर्छ। अरु समयमा भने होम, ब्रतबन्द जस्ता अन्य हिन्दु रिती रिवाज तथा पूजा गरिन्छ।

केही समय अघि २०७२ सालमा मृतकहरूको सम्झनामा पितृ यज्ञ पनि आयोजना गरिएको थियो।

कैलाश डाँडाको पूर्वपट्टि राधाकृष्ण मन्दिर अवस्थित छ। यस मन्दिरमा कृष्ण जन्माष्टमीका दिन देवी देवताको भव्य पुजा गरिन्छ। यस मन्दिरको समीपमा विश्व शान्ति संघ नामक भवन पनि छ। (२०१६ सालमा स्थापित)

यस क्षेत्रमा जता खने पनि शिवलिङ्ग पाइने भएकाले यस क्षेत्रलाई देवपाटनको निकै महत्त्वपूर्ण अंश मानिन्छ।







## उमा कुण्ड

**यो कुण्ड कैलाश डाँडाको उत्तरपट्टी गौरीघाटको नजिकै अवस्थित छ। पशुपति क्षेत्रको नौ कुण्डहरू मध्यको एक कुण्ड यसलाई पार्वतीको स्नान गर्ने स्थलको रूपमा मानिन्छ। शिव पार्वतीको मृगस्थली वन विहारको समयमा माता पार्वतीले यस स्थानमा रही स्नान र तपस्या गर्नुभएको थियो । यसकारण यो ठाउँलाई कैलाश उमाकुण्ड भनिएको विश्वास छ।**

**यस स्थलको प्रागणमा स्वर्गद्वारी बाबाको मूर्ति र आश्रम छ, जहाँ उहको एक जना चेलाले बस्ने, पुजा आराधना गर्ने, गर्नुहुन्छ । यस कुण्डमा ब्रतबन्ध र होम जस्ता हिन्दू धार्मिक क्रियाकलापहरू आयोजना गरिन्छ।**

**यस कुण्डको प्रवेशद्वारको नजिक हिमान्त भैरव, जसलाई क्षेत्रपालको अवतारको रूपमा मानिन्छ , उहाँको मूर्ति छ।**






## गौरी घाट


यस पवित्र स्थल गौरी घाटले बृहद् ऐतिहासिक तथा धार्मिक महत्व बोकेको छ। यही स्थलमा माता पार्वतीले भगवान शिवलाई वर रुपमा पाउने चाहनाले स्नान र तपस्या गरेको मानिन्छ । माघ महिनामा यस स्थलमा स्नान गरी उत्तम वरको कामना गर्नेहरू यसलाई मुख्य गन्तव्य मानेर धाउछन । यस स्थलमा स्नान गरेमा स्त्रीहरूले ३२ गुणले युक्त वर पाउने विश्वास रहेको छ।



यस अतिरिक्त पारिपट्टी किनारमा एउटा गणेशको पनि मूर्ति रहेको छ । त्यस ठाउँमा गणेश हुनुपर्छ भनेर दिव्य स्वप्न आएको हुनाले मूर्ति स्थापना गरिएको हो । गौरिघाटमा नरसिंहेश्वर को पनि मन्दिर रहेको छ ।



# भाग ६



5 Shivalayas
Pasupatinath forest
Guhyeshwari Shaktipeeth Temple
श्री गुह्येश्वरी शक्तिपीठ...
7th-century Hindu temple with pond
Mrigasthali
Shree nath ji ki samadhi
Yogi Narharinath Samadi
Gorakhnath Temple - गोरखनाथ मन्दिर...
गोरखनाथ मन्दिर
Mrigasthali Shivalayas
Shiva Shrine
Mata manokama nath aaghor aasram
Bishowrup Mandir
Bahira Ganesh
2D

## गुहेश्वरी शक्ति पीठ

देवी गुहेश्वरीलाई देवी तलेजु भवानीको रूप मानिन्छ र नेपालका शाह राजाहरूको कुलदेवीको रूपमा पूजा गरिन्छ। मुख्य देवीलाई गुहेश्वरी मन्दिरमा राखिएको छ भने यस्तै मूर्ति काठमाडौं दरबार क्षेत्रमा रहेको तलेजु भवानीको मन्दिरमा राखिएको छ। जनविश्वासका अनुसार गुह्येश्वरी मन्दिर त्यो स्थान हो जहाँ सती देवीको कम्मर र पछाडिको भाग खसेको थियो । यो स्पष्ट गर्न महत्त्वपूर्ण छ कि "गुह्य" शब्दलाई प्रायः सती देवीको जननांगलाई जनाउने गरी गलत बुझिन्छ, तर यस सन्दर्भमा, यसले एक फरक पक्षलाई जनाउँछ। गुह्यको अर्थ गोप्य वा रहस्यमय पनि हुन्छ । अर्को व्याख्या अनुसार गुह्येश्वरी मन्दिर देवीका दुबै घुँडाहरू अवतरण गरेको स्थानको प्रतीक हो, त्यसैले यो मन्दिर एक महत्वपुर्ण शक्ति पीठ पनि हो।

पोखरीको रूपमा यसको पुरानो अस्तित्वको कारण, यहाँ देवीलाई नढाकि वा छानो बिना खुला ठाउँमा राखिएको छ। त्यसको सट्टा यहाँ पोखरी पारिस्थितिकी प्रणालीलाई जनाउन यसको चारै दिशामा शेष नाग (सर्प देवता) स्थापना गरिएको छ।





कुण्ड र मूर्ति मूल रुपमा पहिले देखि नै यस स्थानमा अवस्थित थिए, तर मन्दिरको वर्तमान संरचना राजा प्रताप मल्लले निर्माण गरेका थिए। यस मन्दिरको एक विशेषता यसको सात झ्यालहरूको अद्धितीय संयोजन हो जुन अन्यत्र कतै पाइदैन। यी झ्यालहरू मानन्धर गुठियारहरू भनेर चिनिने कुशल कारीगरहरूको समूह नेशा सायमीले बनाएका हुन्। मानन्धर समुदायले पनि गुहेश्वरीलाई कुलदेवी मानेर यस मन्दिरमा पूजा गर्ने गर्दछन् ।

## नाथ परम्परा

नाथ परम्परा हिन्दू धर्म भित्रको एक सम्प्रदाय हो जसको सुरुवात पुरातन समयमा भएको थियो। यो परम्परा नाथ योगीहरु संग सम्बन्धित छ जसले गुरु गोरखनाथको शिक्षा पालना गर्छन। नाथ योगी भनेर सन्यासी र तपस्वीहरुलाई चिनिन्छ भने गुरु गोरखनाथ एक पौराणिक व्यक्तित्व र नवनाथ चौरासी महासिद्ध मध्ये एक हुनुहुन्छ । नाथ परम्परा अनुसार यसका रीति-रिवाजहरू गोरखनाथको प्रभावभन्दा पुरानो रहेको पनि मानिन्छ । यद्यपि, यो परम्पराको अधिक वृद्धि र विकास गोरखनाथको निर्देशन र प्रेरणामा भएको मानिन्छ।


नाथ योगीहरूले शारीरिक र मानसिक शक्तिको विकास, श्वास नियन्त्रण, ध्यान, र कुण्डलिनी (मेरुदण्डको आधारमा रहेको मानिने ईश्वरीय ऊर्जाको एक रूप) भनेर चिनिने निष्क्रिय आध्यात्मिक ऊर्जाको जागरणमा जोड दिन्छन्।

## गोरखनाथ मन्दिर

गुरु गोरखनाथ महायोगी र गुरु दुवैको रूपमा सम्मानित हुनुहुन्छ। उहाँलाई गोरक्ष पनि भनिन्छ र भगवान शिवको योग अवतार पनि मानिन्छ। उहाँलाई नेपालको इष्ट देवताको रूपमा पूजा गरिन्छ। योगिक परम्पराहरूमा गुरु गोरखनाथलाई हठ योग, नाद योग, साबर विद्याको प्रवर्तक र समर्थकको रूपमा सम्मान गरिन्छ। उनले सिद्धसिद्धान्त पदाधि, गोरख बोध, गोरखवानी आदि जस्ता प्रसिद्ध ग्रन्थहरू पनि लेखेका छन्।

विभिन्न तान्त्रिक र वैदिक अभ्यासहरूमा आफ्नो योग विशेषज्ञताको लागि परिचित गुरु गोरखनाथ एक पटक आफ्नो यात्राको क्रममा काठमाडौं आएका थिए। दुर्भाग्यवश, उनले तान्त्रिक अभ्यासहरूको दुरुपयोग देखे र स्थानीय जनता र तत्कालीन शाही परिवारबाट उदासीनता र अनादरको सामना गरे। उनीहरूलाई आफ्नो गल्ती महसुस गराउन र धर्म स्थापना गर्न गुरु गोरखनाथ बाह्र वर्ष लामो समाधिमा प्रवेश गरे। पौराणिक कथा अनुसार, उनले वरपरका क्षेत्रहरूबाट सबै वर्षा गराउने नागहरू भेला गरे। यसले काठमाडौं उपत्यकामा खडेरी र वर्षाको अभाव ल्यायो।

वर्षा नहुँदा परेको पीडालाई देखेर काठमाडौं उपत्यकाका राजाले गोरखनाथको साधना भंग गर्न अन्य तान्त्रिकहरूको सल्लाहमा गोरखनाथका पूज्य गुरु मच्छिन्द्रनाथलाई भेट्न पुगे। मच्छिन्द्रनाथको आगमनमा, गुरु गोरखनाथ, आदर र आज्ञाकारिताको प्रदर्शनमा, आफ्ना गुरुको खुट्टा ढोग्न उभिए र आफूले जम्मा गरेका सबै सर्पहरूलाई छोडिदिए। यसरी प्राकृतिक सन्तुलन पुनर्स्थापित भयो र फेरि वर्षा भयो।



यो महत्त्वपूर्ण घटना मच्छिन्द्रनाथको आगमनको सम्मान गर्न समर्पित पर्व मच्छिन्द्रनाथ जात्राको स्थायी उत्सवको लागि आधार बन्यो। आज पनि काठमाडौंमा ठूलो संख्यामा मानिसहरू यस उत्सवमा सक्रिय रूपमा सहभागी हुन्छन्, जसले गुरु गोरखनाथको तपस्या, वर्षाको पुनरागमन र मच्छिन्द्रनाथको सम्मानित उपस्थितिको बीचको गहिरो सम्बन्धको सम्झनालाई झल्काउछ।



जयस्थिति मल्लको संरक्षणमा निर्माण भएको यस प्रख्यात मन्दिर परिसरमा मनकामना, भैरव, बद्रीनाथ र केदारनाथको सम्झना दिलाउने शिखर शैलीका संरचनाहरू लगायत धेरै मन्दिरहरू छन्। यस परिसर भित्र लगभग १६ वटा मन्दिरहरू अवस्थित छन्। यस मन्दिर परिसरमा नाथ योगीहरुको बास रहेको छ ।


वैशाख शुक्ल पूर्णिमालाई गोरख पूर्णिमा र बुद्ध पूर्णिमा पनि भनिन्छ। यस दिन मन्दिरमा गुरु गोरखनाथको भव्य पूजा गरिन्छ र नाथ योगीहरूले गुरु गोरखनाथलाई रोट चढाउँछन्। रोट गुरु गोरखनाथको मनपर्ने प्रसाद हो।

यस बाहेक नाथ योगीहरूले पात्र देवता भनेर चिनिने देवताको पनि पूजा गर्छन्। प्रत्येक वर्ष गुरु पूर्णिमाको शुभ अवसरमा नेपालको राष्ट्रिय पर्व दशैं मनाउने प्रक्रिया सुरु हुन्छ । जात्राको उद्घाटन गर्न पात्रदेवतालाई मृगस्थलीदेखि हनुमानढोकास्थित गोरखनाथ पीठसम्म भव्य शोभायात्रामा लगिन्छ जहाँ उनलाई जनै पूर्णिमाको एकादशीसम्म राखिन्छ। जनै पूर्णिमाको दिन, पात्र देवता गोसाइँकुण्डको तीर्थयात्रामा लगिन्छ, जहाँ ताल वरपरका सबै तीर्थस्थलहरूमा विस्तृत पूजा समारोहहरू गरिन्छ। तीर्थयात्रा र पूजा आराधना पूरा गरी मूर्तिलाई काठमाडौंको हनुमानढोकामा फिर्ता ल्याइन्छ । नेपालको अर्को महत्वपूर्ण धार्मिकस्थल दक्षिणकालीमा लैजानुअघि केही दिन त्यहीँ रहन्छ । अन्ततः इन्दिरा एकादशीमा यसलाई मृगस्थलीमा फर्काइन्छ। यसले दशैं पर्वको औपचारिक सुरुवात जनाउछ।



**के तपाईंलाई थाहा छ ?**

शाह वंशका राजाहरू गुरु गोरखनाथका भक्त थिए र उहाँको आशीर्वाद लिएर सबै काम गर्थे। पुरातन सुन र चाँदीका सिक्कादेखि लिएर नेपालको वर्तमान मुद्रासम्म, सबैमा 'श्री भवानी' र 'श्री श्री श्री गोरखनाथ' नाम रहेको छ र गोरख पादुकाको प्रतीक पनि छ।




## मृघस्थाली वन

मृगस्थली जङ्गललाई नाथ परम्पराका अनुयायीहरूको प्रमुख तीर्थस्थल मानिन्छ र हिन्दू पौराणिक कथाहरूमा पनि यसको ठूलो महत्त्व छ। यस पवित्र स्थानमा भगवान शिवका अवतार पशुपतिनाथ एक पटक मृगको रुपमा देखा परेको जनविश्वास छ । जङ्गलको मनमोहक सौन्दर्यले भगवान पशुपतिनाथलाई मोहित तुल्यायो र त्यहाँको आकर्षणले मंत्रमुग्ध भई उनले निश्चित अवधिसम्म त्यहाँ बस्ने निर्णय गरे। यस दैवीक उपस्थितिको साथसाथै, हिन्दू धर्मको नाथ परम्पराका एक पूज्य व्यक्तित्व गुरु गोरखनाथले यही जंगलमा बाह्र वर्षको गहन समाधि गरे।

पौराणिक कथा अनुसार भगवान शिवले देवी पार्वतीलाई पशुपति क्षेत्रको मृगस्थली जङ्गलमा मृगको रुप लिएर बसेको समयलाई प्रकाश पारेको कथा सुनाएका थिए । यस विवरणको समयमा, भगवान शिवले यस स्थान र बाला चतुर्दशी भनेर चिनिने एक विशेष दिनसँग सम्बन्धित एक पवित्र धर्मविधिको बारेमा भन्नु भयो। यस शुभ दिनमा भगवान शिवले मृगस्थली जङ्गलमा कुनै बालीको एक दाना फैलाएमा एक रत्ती (एक तोलाको ६४ औं भाग) सुन दान गर्नु बराबर मानिने बताउनुभयो। यस शुभ दिनमा यस अनुष्ठानको अवलोकन गर्नाले आफ्ना पुर्खा (पितृहरु) को आत्मालाई आध्यात्मिक शान्ति प्रदान गर्ने विश्वास पनि गरिन्छ।




**गोरखनाथ अखण्ड धुनी**



**योगी नरहरिनाथ आश्रम**

१७ फाल्गुन १९७१ मा बलवीर सिंह ऋक्सेन थापाको रूपमा जन्मनुभएका योगी नरहरिनाथ एक उल्लेखनीय नेपाली इतिहासकार, लेखक, सन्त र उच्च कदका योगी हुनुहुन्थ्यो । उहाँलाई तत्कालीन प्रधानमन्त्री श्री ३ मोहन शमशेरले गोरखनाथ मठको महन्त योगी नियुक्त गरेका थिए। उहाँलाई नेपालको राष्ट्रगुरु (राष्ट्रगुरु) पनि मानिन्छ। साथै उहाँको योगदान नेपालको सिमानाभन्दा बाहिर फैलिएको छ ।

योगी नरहरीनाथको उल्लेखनीय उपलब्धि मध्ये एक उनको असाधारण लेखन क्षमता थियो। आफ्नो जीवनकालमा उहाँले इतिहास, नाथ दर्शन, पुरातत्व, भूगोल, र अध्यात्म लगायतका विषयहरूको विविध दायरा समेटेर ६०० भन्दा बढी पुस्तकहरू लेख्नुभएको छ (सबै प्रकाशित भएनन् र धेरैजसो हराएका छन्)। उहाँका केही उल्लेखनीय कृतिहरूमा इतिहासमा सन्धिपत्र सङ्ग्रह, शिखरिणी यात्रा, वंशावली, दिव्य उपदेश आदि पर्छन्। उहाँलाई २८ विभिन्न भाषाहरूको ज्ञान थियो भनिन्छ । आफ्नो बृहत् कार्यको माध्यमबाट उनले नेपालको गौरवशाली इतिहास र हिम्वत्खण्डको बारेमा चेतना जगाउने लक्ष्य राखेका थिए । आफ्नो लेखनमा योगी नरहरीनाथले शब्दहरूलाई हिन्दू परम्परासँग जोडेर विश्वभरका भाषाहरूका विभिन्न शब्दहरूको व्युत्पत्तिशास्त्रीय उत्पत्तिलाई पनि खोज्नुभएको छ । उहाँको अनुसन्धान र विश्लेषणको उद्देश्य विभिन्न राष्ट्रहरू बीचको भाषिक र सांस्कृतिक सम्बन्धहरू प्रकट गर्ने र सभ्यताहरूमा साझा सम्पदा र प्रभावहरू प्रकाश गर्ने थियो। आफ्नो जीवनभरि उहाँले नेपालका विभिन्न क्षेत्रहरू र भारतमा १२९ कोटि होम र शिव यज्ञहरू गर्नुभयो। योगी नरहरिनाथले आफ्नो सम्पूर्ण जीवन नेपालको सार्वभौमसत्ताको वकालत गर्दै युवा, जनता र अधिकारीहरूलाई देशको सेवा गर्न प्रेरित गर्दै बिताए। उनले नेपाल र भारतका विभिन्न भागहरू पटक पटक वारपार गरे। उहाँलाई "द वाकईङ पशुपतिनाथ" अर्थात् हिंड्ने पशुपतिनाथ भनेर पनि चिनिन्थ्यो। उहाँको कामले हाम्रो इतिहास र संस्कृतिको ज्ञानमा महत्त्वपूर्ण योगदान पुर्‍याएको छ र नेपालको लागि उहाँ आध्यात्मिक संसारको लागि अमूल्य स्रोत हुनुहुन्छ। उहाँले ८८ वर्षको उमेरमा २०५९ फागुन १३ गते काठमाडौंको मृगस्थलीस्थित गोरखनाथ परिसरमा महासमाधी ग्रहण गर्नुभएको हो ।

## योगी नरहरिनाथ पुस्तकालय



## योगी नरहरिनाथ समाधि



## स्वामी प्रपन्नाचार्य आश्रम

स्वामी प्रपन्नाचार्य पूर्वी दर्शन र वेदका प्रख्यात विद्वान थिए जसले आफ्नो जीवन पशुपति क्षेत्रको मृगस्थलीमा रहेको आश्रममा बिताएका थिए। जब शिक्षालाई ब्राह्मणहरूको एकमात्र अधिकार मानिन्थ्यो, ज्ञानको लागि असाधारण तिर्खा भएका राई परिवारबाट आएका उनले शिक्षा प्राप्त गर्न ठूलो चुनौती र कठिनाइहरूको सामना गरे । उनले 'वेद मा के छ ?' लगायत ५० भन्दा बढी पुस्तकहरू लेखेका थिए । अशिक्षित युवाको हैसियतमा उनी ३० वर्षको उमेरमा ज्ञानको खोजीमा नेपाल छोडेर भारत गए। अनुसन्धान र अध्ययनप्रतिको लगनका कारण उनले पूर्वीय दर्शन र वेदमा पीएचडी गरे । उनि ६० वर्षको उमेरमा नेपाल फर्किएर देशको सेवा गरे ।



## मनकामना मन्दिर




## बिश्वरुपा मन्दिर

यस मन्दिरमा १०,००० हात र टाउको भएको शिव र देवी पार्वतीको विश्वरूपको मुर्ती छ। यो भगवान शिव र देवी पार्वतीको विशाल मूर्तिहरुको घर हो, जुन १२ फिट भन्दा अग्लो छ र अष्टधातु (आठ धातु को मिश्रण) बाट बनेको छ। नेपालका त्यस बेलाका तत्कालीन प्रधानमन्त्री श्री तीन जङ्गबहादुर राणाले करिब २ लाख नेपाली रुपैयाँ खर्चेर निर्माण गरेका थिए । २०७२ सालको भूकम्पबाट भत्किएको यो मन्दिर अहिले पुनर्निर्माणको क्रममा छ ।



# भाग ७


Pashupatinath Temple
Cremation Complex
एकादश रुद्र
शिवालय
Pashupati
रामचन्द्र मन्दिर
Patal Ganesh
Ram Ghat of
Pashupatinath
राम मन्दिर
Laxmi Nayaran Mandir
लक्ष्मी
नारायण मन्दिर
Bagmati River
3D

# राम मन्दिर परिसर

## रामचन्द्र मन्दिर

यस मन्दिर परिसरमा रामचन्द्रको विशाल मन्दिर छ। यस मन्दिरको अगाडि गरुड, हनुमान (उठाएको मञ्चमा) र गणेशका मूर्तिहरू छन्। यो मन्दिर दैनिक पूजाका लागि बिहान सबेरै मात्र खुल्छ र पछि ताला लगाइन्छ। किनभने यस मन्दिरबाट विगतमा धेरै गहना र बहुमूल्य मूर्तिहरू चोरी भएको थियो।



## एकादशरुद्र शिवालय

यस शिवालयमा एक अद्वितीय शिवलिंग रहेको छ जसमा साधारण जलहरीमा ११ वटा लिंगहरू छन् । त्यसैले यसलाई यस्तो नाम दिइएको हो। यहाँ रहेका ११ लिंगहरूले ११ सर्वोच्च रुद्रहरूलाई जनाउछन।





## राम मन्दिर

रामचन्द्र मन्दिरको दक्षिणतिर श्रीरामको अर्को मन्दिर छ जहाँ भगवान रामको परिवारको मूर्ति छ। त्यहाँ भगवान राम, देवी सीता, लक्ष्मण, हनुमान, लव र कुशका मूर्तिहरू छन्।





## लक्ष्मीनारायण मन्दिर

भगवान रामको परिवार भएको राम मन्दिरको दक्षिण दिशामा लक्ष्मीनारायण मन्दिर रहेको छ। यो मन्दिरको अगाडी एक गरुड को मुर्ति रहेको छ।



# भाग ८

# जय बागेश्वरी क्षेत्र

जय बागेश्वरीको मुख्य मन्दिर सुरुमा राजा शिव देवद्धरा निर्माण गरियको थियो। पौराणिक कथा अनुसार यस क्षेत्रमा भगवान् पशुपतिनाथ र देवी गुहेश्वरीको उपस्थितिले देवी जयबागेश्वरी प्रकट भएकी हुन र शक्तिपीठको रूपमा उनिलाई स्थापना गरिएको हो । उनी कैलाश पर्वत नजिकै रहेको मानसरोवर तालबाट गुपचुप आइपुगेकी थिइन् । राजा शिवदेवले पछि शक्तिपीठलाई मूर्तिमा परिणत गरेका हुन्। मन्दिरको उत्तरी पर्खालमा भैरवको विशाल रूप चित्रण गर्ने चित्र पनि रहेको छ।





भैरवको चित्र



**के तपाईंलाई थाहा थियो ?**

लिच्छवी कालमा राजा अंशुवर्माले प्रत्येक १२ वर्षमा मन्दिरको भित्तामा भैरवको चित्र कोर्ने परम्परा समेत स्थापना गरेका थिए ।

## ठडिएको ढुङ्गे धारा

जयबागेश्वरी क्षेत्रमा ठाडो स्थितिमा धाराहरू पाउन सकिन्छ। यी धाराहरूलाई यस्तो रणनीतिक रूपमा रखिएको छ कि यस धाराले वरपरको जमिनमा पानीको प्रवाहलाई उचित समयमा उचित मात्रामा नियन्त्रण गरेर कृषि गतिविधिहरूलाई फाइदा पुर्‍याउन सक्छ। जय बागेश्वरी मन्दिरको अगाडि दुवैतिर दुईवटा धाराका संरचना छन् ।



## सुर्य मन्दिर

जय बागेश्वरी मन्दिरको उत्तर-पश्चिम दिशामा अवस्थित यस मन्दिरमा शिखर शैलीको वास्तुकला देख्न सकिन्छ । यसको मुख्य मूर्ति हराएको कारण, यो मन्दिर सुरुमा जुन देवताको लागि निर्माण गरियो त्यस देवताको नाम अहिलेसम्म अज्ञात छ। यद्यपि, मन्दिरको भित्तामा देवीका मूर्तिहरू र मुख्य ढोकाको सजावट हेर्दा यो देवीहरूलाई समर्पित गरिएको हुन सक्छ भन्ने संकेत बुज्न सकिन्छ। थप, सम्पूर्ण मन्दिरको रथ जस्तो संरचनाले यो भगवान सूर्यमा समर्पित मन्दिर पनि हुनसक्छ। हाल यस मन्दिरमा सूर्यदेवको मूर्ति राखिएको छ।





## सुन्धारा (लुहिटी)

सुन्धारा (लुहिटी) ऐतिहासिक महत्त्वका लागि प्रख्यात प्राचीन ढुङ्गे धारा मध्येको एक हो । यो ढुङ्गे धाराले लिच्छवी कालको समृद्ध कलात्मक सम्पदालाई देखाउँदै त्यस युगको धेरै कलाकृतिहरू राख्छ। यस ढुङ्गे धाराको छेउमा हामीले राजा जयस्थिति मल्लको शासनकालको शिलालेख (अभिलेख) फेला पार्न सक्छौँ जसले यस क्षेत्रको ऐतिहासिक महत्त्व बढाउछ ।



## धन्वन्तरी मन्दिर

सुन्धारा (लुहिटी) ढुङ्गे धाराको प्रवेशद्वारमा, हामीले सुरुचिपूर्ण शिखर शैलीमा निर्मित दुईवटा मन्दिरहरू पाउन सक्छौं। दायाँपट्टि धन्वन्तरी देवतालाई समर्पित धन्वंतरी मन्दिर छ। पुरातन शास्त्रहरू अनुसार, धन्वन्तरीले उपचार र औषधिको प्रतिनिधित्व गर्दछन र उनलाई आयुर्वेदका भगवानको रूपमा पूजा गरिन्छ,। चार हात भएको धन्वंतरीको मुर्ति नेपालमा विरलै पाइन्छ ।बायाँ छेउमा, तपाईले लक्ष्मी नारायण मन्दिर देख्नुहुनेछ, लक्ष्मी र नारायणको दिव्य जोडीमा समर्पित। बायाँपट्टि भगवान लक्ष्मीनारायणको मन्दिर छ, र यो मन्दिर लक्ष्मी र नारायणको दिव्य जोडीको लागि समर्पित छ।





धन्वन्तरी मन्दिर

## लक्ष्मीनारायण मन्दिर

सन् १६६० मा निर्माण भएको लक्ष्मीनारायण मन्दिर परिसरभित्र देवी लक्ष्मी र देव नारायणका मुर्तिहरुका सम्बन्धमा आकर्षक पक्ष रहेको छ । हेमाद्री व्रतखण्ड (हेमाद्री व्रतखण्ड) भनेर चिनिने प्राचीन ग्रन्थमा दिइएको वर्णन हेरेर यी मूर्तिहरू बनाइएको हो। त्यस्तै, मन्दिरमा रहेका बाँकी मूर्तिहरू पनि सोही पाठमा उल्लिखित विवरणहरूको आधारमा मूर्तिकला गरिएको थियो। यसबाहेक, यस मन्दिरको भित्ताहरूमा भगवान विष्णुका दश अवतारहरू चित्रण गरिएको छ।





लक्ष्मी नारायण मन्दिर

## भगवान बुद्धको जन्मसँग सम्बन्धित मूर्ति

जयबागेश्वरी क्षेत्रमा भगवान बुद्धको जन्म झल्कने मूर्ति फेला परेको थियो, जुन इस्वी संवत् ९औं शताब्दीमा बनाइएको अनुमान गरिएको छ । यसको संरक्षण सुनिश्चित गर्न मूल मूर्ति हाल छाउनीस्थित राष्ट्रिय संग्रहालयमा रहेको छ। मूल मुर्तिको सट्टा अहिले जयबागेश्वरी क्षेत्रमा मूर्तिको प्रतिकृति राखिएको छ ।




## श्रीधर विष्णु

ढुङ्गे धाराको पूर्व दिशामा, एउटा घरको दक्षिणी भागमा, देवल (सानो मन्दिर वा तीर्थ) राखिएको छ। यस देवलमा श्रीधर विष्णुको एक उल्लेखनीय कलात्मक मूर्ति खडा स्थितिमा छ। मूर्तिको छेउमा दायाँपट्टि गरुड (विष्णुको वाहन- चील) र देब्रेपट्टि देवी लक्ष्मी विराजमान हुनुहुन्छ।



कृष्ण मन्दिर



# भाग १

## पिंगलास्थान

पिंगलास्थान पशुपति क्षेत्रको सबैभन्दा दक्षिणी सिमानामा पर्दछ। २०३३ सालमा चक्रपथ सडक निर्माण भएपछि अहिले यो मन्दिर पुलमुनि रहेको छ । मन्दिरमा पिंगलादेवी (बज्रेश्वरी) को मुर्ति र नरसिंह, नन्दी, हनुमान, आदि विभिन्न देवी-देवताका भत्किएका मूर्तिहरू छन्।





## तिलगंगा

तिलगंगा पशुपतिनाथ क्षेत्रको दक्षिणमा अवस्थित छ। यहाँ विष्णु विक्रान्तको १६ औं शताब्दीको प्रसिद्ध मूर्ति छ। लिखित शिलालेख अनुसार उक्त मूर्ति राजा मानदेवको समयको हो । यो आकर्षक मूर्तिले विष्णुको वामन अवतारलाई त्रिविक्रमको रूपमा चित्रण गर्दछ। यी मूर्तिहरू र शिलालेखहरू पुरातात्विक दृष्टिकोणबाट महत्त्वपूर्ण छन् किनभने यी मूर्तिहरूले त्यस अवधिमा पनि मूर्तिकारहरूको प्रगति र क्षमता देखाउँछन्।



त्रिविक्रमको मूर्ति

## बनकाली मन्दिर

बनकालीमन्दिरको पुनर्निर्माण २०१५ सालमा राजा महेन्द्रले गरेका थिए । यस मन्दिरको कुनै छाना छैन जसले यसलाई अन्य मन्दिरहरू भन्दा फरक बनाउँछ। आकाशलाई मन्दिरको छानो मानिन्छ । मन्दिर भित्र भैरवको मूर्ति छ। यहाँ तान्त्रिक विधिबाट देवीको पूजा गर्ने गरिन्छ ।




## वन गणेश







# पशुपतिनाथका केहि पुराना तस्विरहरु




१८६० को दशक




१९२० को दशक



१९६० को दशक


१९७० को दशक


१९८० को दशक


२००० को दशक

# शब्दावली

**Acharya (आचार्य )**
- कुनै विषयवस्तुमा उच्च ज्ञान भएका व्यक्तिलाई गरिने सम्बोधन

**Aagam (आगम)**
- तन्त्र सँग संबन्धित

**Bankaali (बनकाली)**
- शक्ति र उर्जा सँग संबन्धित एक देवी

**Belpatra (बेलपत्र)**
- बेल वृक्षका पात जो भगवान शिवलाई अर्पण गरिन्छ

**Bhasma (भस्म)**
- Sacred ash obtained from the burning of substances used in Hindu rituals.

**Bhatta (भट्ट)**
- A surname often associated with the Brahmin community in India.

**Brikshya (वृक्ष)**
- A Sanskrit term meaning "tree."

**Chita (चिता)**
- A funeral pyre or cremation ground.

**Dabali (डबली)**
- A Newari term for a stage. It is used especially for religious performances.

**Gajur (गजुर)**
- The topmost part of the temples (Pinnacle)

**Ghat (घाट)**
- Steps or a platform leading down to a body of water, often used for ritual bathing or cremation of dead bodies.

**Gungu (गुन्गु)**
- A Newari Term for indicating the number nine.

**Guthiyars (गुठियार)**
- Priests or caretakers of a temple or religious institution.

**Homa (होम)**
- A fire ritual or ceremonial offering performed in Hinduism.

**Hawan (हवन)**
- A ritual of making offerings to a sacred fire, often accompanied by recitations of Vedic. mantras and prayers.

**Jalhari (जल्हरी)**
- The swaroop of Parvati and her power.

**Jyotirlingas(ज्योतिर्लिङ्ग)**
- Sacred shrines or temples dedicated to Lord Shiva.

**Kundalini (कुण्डलिनी)**
- A dormant spiritual energy believed to be located at the base of the spine.

# शब्दावली

**Kshetra Paals (क्षेत्र पाल )**
- **Caretakers or guardians of a particular religious or sacred site.**

**Kush (कुश)**
- **A type of grass often used in religious ceremonies and rituals.**

**Mahaprasad (महाप्रसाद)**
- **Sacred food or offerings are offered to deities in Hindu temples.**

**Mukti Mandap (मुक्ति मण्डप)**
- **A place or structure associated with liberation or spiritual emancipation.**

**Natraj (नटराज)**
- **A depiction or form of Lord Shiva as the cosmic dancer.**

**Paanchayan Vidhi (पान्चायन विधि)**
- **A set of rituals or procedures followed in offering prayers or worship.**

**Sadhana (साधना)**
- **Spiritual practice undertaken for self-realization or attainment of a goal.**

**Shakti Peethas (शक्ति पीठ)**
- **Sacred places associated with the divine feminine energy or Goddess Shakti.**

**Sadhana (साधना)**
- **This term is not familiar and doesn't have a specific meaning in this context.**

**Sankalpa (संकल्प)**
- **An intention or resolve made during a ritual or spiritual practice.**

**Sanatana (सनातन)**
- **A term meaning eternal or timeless, often used in reference to Hindu philosophy.**

**Tantric (तान्त्रिक)**
- **Relating to the esoteric practices and rituals of Tantra, a spiritual tradition.**

**Tripurasundari (त्रिपुरासुन्दरी)**
- **A form of the divine feminine or Goddess Tripura Sundari.**

**Vahana (वाहन)**
- **Vāhanam or animal vehicle, literally "that which carries, that which pulls") denotes the being, typically an animal or mythical, a particular Hindu God is said to be used as a vehicle.**

**Yogis (योगी)**
- **Practitioners of yoga, individuals who follow a yogic lifestyle or discipline.**

**Please note that some of the terms may have multiple meanings or interpretations depending on the context and cultural traditions.**

# सन्दर्भहरू


- पाशुपत क्षेत्रको सांस्कृतिक सम्पदा ( मूर्त र अमूर्त ) - पशुपति क्षेत्र विकास कोष
- देवमाला बंशावली, लेखक - योगी नरहरिनाथ र योगी क्षिप्रानाथ, दोस्रो संकरण सम्पादन -योगी सिंहनाथ (डा. कर्ण बहादुर थापा)
- हिमवत्खण्ड, संकलन सम्पादन - योगी नरहरिनाथ, लोकराज सत्याल, भागवान नाथ चावेल र अन्य लेखकहरु. सम्पादक दोस्रो संकरण - प्रा. डा. वेणीमाधव ढकाल

# हाम्रो समूह

## Research and Writing


Laxman Bista


Prashant Panta


Pritesh Thakur


Suhani Luitel


Aastha Ghimire


Kailash Pariyar


Nisha Paudel


Rodin Bantawa


Shishir Paudel


Abhiyan Paudel

## Graphics Design and Website Development


Abhiyan Paudel


Laxman Bista


Bishwas Thapa

## Photography and Maps


Prashant Panta


Pritesh Thakur


Bhim P. Chaudhary

## Communication and Marketing


Kailash Pariyar


Suhani Luitel


Ashok Khuswaha

# नेपाली अनुवादकर्ताहरु



प्रितेश ठाकुर



अभियान पौडेल



लक्ष्मण विष्ट



कैलाश परियार



सुहानी लुइटेल



सन्तोष पन्त

# विशेष धन्यवाद



## स्वामी केदारमान भण्डारी

पशुपतिनाथको बारेमा हाम्रो साइट अनुसन्धान मार्फत हामीलाई मार्गदर्शन गर्न र सम्बन्धित जानकारी सङ्कलन गर्न मद्दत गर्नुभएकोमा।



## जोगी देवनाथ

हाम्रो अनुसन्धानको लागि सान्दर्भिक स्रोतहरू र सामग्रीहरू तर्फ निर्देशित गर्नको लागि।



## डा. सुधाम्सु गौतम

पुस्तक लेखन प्रक्रियामा बहुमूल्य सुझाव र मद्दतको लागि।



प्रशान्त पन्त | प्रितेश ठाकुर | अभियान पौडेल | सुहानी लुइटेल | लक्ष्मण विष्ट | आस्था घिमिरे | निशा पौडेल | कैलाश परियार | रोदिन बान्तवा | विश्वास थापा | भीम प्र. चौधरी | शिशिर पौडेल | अशोक कुशवाहा | सन्तोष पन्त